# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षाको विकास मानव सभ्यताको सुरुवातसँगै भएको पाइन्छ । विभिन्न काल र परिस्थिति पार गर्दै शिक्षा आधुनिक युगमा प्रवेश गरको पाइन्छ । प्राचिन कालमा शिक्षा ज्ञान आर्जन गर्ने मोक्ष प्राप्तिका लागि लक्षित थियो । शिक्षाका पुराना विचारहरु मध्यमकालीन र आधूनिक युगमा नयाँ नयाँ विचारहरुवाट शिक्षाको विकास यस अवस्थासम्म आइपुगेको देखिन्छ र समय परिस्थिति अनुसार प्रत्येक देशले आफ्नो देशको शिक्षा प्रणालीमा क्रमश परिवर्तन गर्दै गएको पाइन्छ । शिक्षा मानव जीवनको एक अभिन्न अंग हो भने यसको महत्वलाई मानव कल्याणका दृष्टिले अझ अपरिहार्य मान्नु पर्दछ, त्यसैले जबसम्म मानव यस धर्तीमा रहिरहन्छ तबसम्म मानिसले जे जति क्रियाकलाप गर्दछ साथै विभिन्न क्रियाकलापको अनुभव गर्दछ त्यसलाई शिक्षाको अभिन्न अंगको रूपमा लिन सकिन्छ । समय परिवर्तनशिल छ, जति जति समय बित्दै जान्छ त्यति त्यति मानव जीवन पनि जटिल बन्दै जान्छ र हालको प्रतिस्पर्धात्मक समयमा मानिसले अनिवार्य रूपमा शिक्षा आर्जन गर्नु पर्दछ । त्यसैले शिक्षा अनिवार्य र सर्वसुलभ ढंगले सबै जातिले प्राप्त गर्न सक्ने हुनुपर्दछ । वर्तमान अवस्थामा शिक्षा दुई किसिमको रहेको पाइन्छ । एकातर्फ भौतिक, शैक्षिक समस्याबाट ग्रसित अवस्थामा रहेको सरकारी विद्यालय र अर्कोतर्फ आधुनिक भौतिक सामग्री लगायत पर्याप्त मात्रामा शैक्षिक स्रोत र सामग्री रहेका निजी विद्यालय । यसरी शिक्षा दुई समूहमा वर्गीकरण भएको छ । यस्तो अवस्थामा आर्थिक अवस्था कमजोर, भौगोलिक विकटता जस्ता कारणले कतिपय बालबालिकाहरुले प्राथमिक तहको शिक्षाको अवसरबाट बन्चित रहेका छन् भने कतिपयले प्राथमिक तहको भर्ना भएर पनि प्राथमिक शिक्षा हासिल गर्न सकेका छैनन् । जसले प्राथमिक तहमा विद्यार्थीको सहभागितामा कमी हुने, कक्षा छाड्ने, दोहोऱ्याउने जस्ता कार्य गर्दछन् र केही विद्यार्थीले प्राथमिक तह कक्षा (१-५) सम्म पूरा गर्न ८/९ वर्ष सम्म लागेको देखिन्छ । प्राथमिक शिक्षा सर्वसुलभ बनाउनुपर्ने हो तर कतिपय बालबालिकाहरु पारिवारिक, आर्थिक, सामाजिक कारणले प्राथमिक तहमा नै कक्षा छाड्ने र दोहोऱ्याउने बाध्य भएका छन् ।

नेपालमा प्रजातन्त्रको उदयसँगै शिक्षाको पनि विकास भएको पाइन्छ र त्यही अनुरुप शिक्षामा लगानी बढाउँदै विद्यालयको संख्यामा पनि क्रमशः बृद्धि भएको पाइन्छ । २००७ सालमा सम्ममा ३३२ वटा प्राथमिक विद्यालय र ११ वटा माध्यमिक विद्यालय थिए भने शिक्षा विभागको (Flash-1 Report, 2010) का अनुसार हाल ३३,१६० विद्यालय संचालनमा रहेका छन् । जसमध्ये प्रा.वि. ३२,६८४, नि.मा.वि. ११,९३९ र मा.वि. ७,२६६ रहेका छन् । त्यस्तैगरी प्रा.वि. तहमा अध्ययनरत कुल विद्यार्थीहरु ४९,५१,९५६ र छात्रा ५०.४ प्रतिशत रहेका छन् । विद्यालयत तहमा अध्ययनरत जम्मा ८४,८२,३३६ विद्यार्थी संख्यामा ४९.८% छात्राहरु रहेका छन् । तह अनुसार विद्यार्थीहरु हेर्दा यस शैक्षिक सत्रमा पूर्व प्राथमिकमा १२%, प्राथमिकमा ५८.४%, नि.मा.वि.मा २०.४% र मा.वि. मा ९.६% अध्ययनरत देखिन्छ । त्यस्तैगरी २०६७

सालको प्रा.वि., नि.मा.वि. र मा.वि.मा क्रमशः ९५.५%, ६९.३% र ४५.५% रहेको पाइएको छ । जसमा प्राथमिक तहमा खुद भर्नादर सबैभन्दा बढी मध्यपश्चिमाञ्चल र कम पूर्वाञ्चल र मध्यमाञ्चलमा देखिन्छ ।

नेपालमा १०२ भन्दा बढी जातजातीको बसोवास रहेको पाइन्छ । जसमध्ये ५९ जातलाई नेपाल सरकारले जनजातीको रुपमा लिइएको छ । जसभित्र लिम्बू पनि एउटा जनजाति भित्रको रुपमा पर्दछ । जुन मंगोल नश्लअर्न्तगत पर्दछ । लिम्बू जातिको मूल थातथलोको क्षेत्रलाई लिम्बूवान भनिन्छ । जुन अरुण,सप्तकोशी पूर्व मेची र कोसीका ९ जिल्लाहरु रहेका छन् भने नेपालवाहिर भारतको सिक्किम पश्चिम वङ्गाल दार्जिलिङ्ग आसाम नागाल्यान्ड अर्थात पूर्वात्तर वसोवास रहेको छ (राई, आदीवासी जनजाती जर्नल २०६८) ।

यसैगरी लिम्बू जातिकोपनि आफ्नै रितिरिवाज परम्परा मूल्य मान्यता बाकेको जाति भएकोले अन्य जातिको तुलनामा विद्यालयीय क्षेत्रमा सहभागिता कस्तो रहेकोछ भनेर अध्ययन गर्दा स्वाभावैले उक्त जातिका शैक्षिक अवस्थालाई अध्ययन गर्न सकिन्छ ।

शिक्षा प्राप्त गर्न पाउनु सम्पूर्ण वालवालिकाको जन्मसिद्ध अधिकार हो। प्रत्येक ब्यक्तिलाई शिक्षा प्राप्त गर्ने अधिकार भएकोले वालवालिकाहरुको मौलिक अधिकारका रुपमा शिक्षालाई स्वीकार गरिएको कुरा संयुक्त राष्ट्र संघको मानव अधिकार सम्वन्धि घोषणा पत्रमा उल्लेख गरिएको Everyone has right to education ,Education shall be free at least in the elementary level & fundamental stage ...................(.शर्मा, २०६३) नेपालको सन्दर्भमा यही कुरालाई मध्यनजर गर्दा शिक्षा आर्जनलाई सबै बालबालिकाको जन्मसिद्ध अधिकारको रुपमा स्वीकारेको छ । अनिवार्य प्राथमिक शिक्षाको उदघोष गरिएको छ । तर अपेक्षित प्रतिफल भने पाइएको भने छैन ।

यसरी शिक्षालाई अधिकारको रुपमा लिएर समाजमा भएका सवै व्यक्तिहरुलाई शिक्षा उपलब्ध गराउन शिक्षाका उपयुक्त अवसर हुन जरुरी छ । शैक्षिक अवसर मात्र भन्दा गाँउ समाजमा विद्यालय खोलेपछि शैक्षिक अवसर प्राप्त हुन्छ भन्ने संकुचित अवधारणा रहने गरेको पाइन्छ । “शिक्षाका लागी समान अधिकार ” भन्ने शिक्षा क्षेत्रमा चलेको  विश्वव्यापी नारा रहेको पाइन्छ र यसको मान्यता भनेको पनि समाजका सम्पूर्ण वालवालिकालाई शिक्षा प्राप्त गर्ने भन्ने पाइन्छ ।तर यसो भन्दैमा देशको भौगौलिक सामाजिक, आर्थिक स्थिति र व्यक्ति तथा समाजको सामाजिक आर्थिक स्थिति एवं वौद्धिक जागरण ,सामाजिक स्तर, वातावरण जस्ता विविध कारणहरुले गर्दा वालवालिकालाई समान रुपवाट शिक्षा प्राप्त गर्ने मौका प्रदान गर्नसकिएको हुदैन । अर्थात अविकसित, विकसित मूलुक, धनी र विपन्न वर्गलाई दिइने शिक्षा तथा त्यसवाट उत्पादित जनशक्तिमा धेरै ठूलोअन्तर पाइन्छ । तर यसो भन्दैमा यो नारा नै राम्रो हैन भन्न मिल्दैन तर उक्त नारालाई लागु गराउन समाजमा सम्पूर्ण वर्ग,लिङ्ग, धर्म, जात, र समुहका वालवालिकाले शिक्षा प्राप्त गर्न सकिरहेका छन् या छैनन् त्यसलाई हेर्ने देशको भौगोलिक , सामाजिक वनानट कस्तो छ ,शिक्षाको प्रकार कस्तो रहेको छ भनेर  पनि वुझ्न जरुरी छ । त्यसैगरी शिक्षाको

सहभागीतालाई बढाउन शिक्षामा Oppertunity, Equality र Equity पनि हेर्न जरुरी छ । त्यसैगरी सबैका लागि शिक्षा पुऱ्याउने उद्देश्यले सन् १९९० मा थाइल्याण्डमा भएको विश्व सम्मेलनले सबैका लागि भन्ने अवधारणा पारित गरेर आधारभूत तथा प्राथमिक शिक्षा सबैको पहुँच हुने पर्दछ र पुऱ्याउनै पर्दछ भन्ने प्रतिबद्धता जाहेर गरेका परिप्रेक्ष्यमा नेपालले पनि यसलाई आत्मसात गर्‍यो । जसको कार्यान्वयनको क्रममा सन् २००० मा सेनेगलको डकारमा शिक्षाका लागि विश्व शिक्षा मञ्चको बैठक पनि सफल भैसकेको अवस्थामा यस बैठकले सम्पूर्ण बालबालिकाका लागि अनिवार्य, सर्वसुलभ तथा निःशुल्क प्राथमिक शिक्षाको व्यवस्था र सुनिश्चितता गर्‍यो र EFA लाई सन् २०१५ सम्ममा पुऱ्याउने नारालाई पारित गर्‍यो । साथै संयुक्त राष्ट्रसंघले मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र सन् १९४८ डिसेम्बर १० मा जारि गरेको घोषणापत्रले शिक्षालाई मानवीय अधिकारको रुपमा परिभाषित गरेको छ । उक्त घोषणापत्रको धारा २६ मा लेखिए बमोजिम “प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ । शिक्षा प्रारम्भिक अवस्थामा निःशुल्क हुने छ, सर्वसुलभ हुनेछ । उच्च शिक्षा सबै नागरिकलाई समान रूपले उपलब्ध हुनेछ” मानिएको छ (शर्मा र अन्य, २०६६, पृ. ३५८) ।

यसै सन्दर्भमा हेर्दा २०५८ को जनगणना अनुसार कुल नेपालको जनसंख्या २,३१,५१,४२३ मध्ये नेपालको २००१ को जनगणना अनुसार साक्षरता ५३.८ प्रतिशत रहेको छ । जसमा पुरुष साक्षरता दर ६५ प्रतिशत र महिला साक्षरतादर ४२.५ प्रतिशत रहेको पाइन्छ भने Nepal in Figure २०११ का अनुसार नेपालको कुल जनसंख्या २६.६२०८०९ छ भने कुल साक्षरता ६०.०९ प्रतिशत जसमा पुरुष ७२.०२ प्रतिशत र महिला साक्षरता ५१.०४ रहको पाइन्छ । यसैक्रममा जनजातीको साक्षरतालाई हेर्दा उच्च साक्षरता भएका १० र निम्न साक्षरता भएका १० जाती गरी र वाकी ३९ जातीलाई मध्यम साक्षरत भएका जनजातीको रुपमा राखेको पाइन्छ । जसमा उच्च १० जनजनतिको शैक्षिक अवस्थालाई हेर्दा जैन जातीलाई लिइन्छ भने निम्न साक्षरताभएको जनजातिमा मुसहरलाई लिईन्छ । जसमध्ये लिम्बू जातिलाई मध्यम वर्गको साक्षरता भएको जातिको रुपमा लिएको पाइन्छ । (CBS 2003)

नेपाल एक विशाल जैविक विविधता भएको देश हो । यहाँ विभिन्न साँस्कृतिक र भाषिक विविधताहरुसँग मेल खान्छ । १,४७,१८१ वर्ग किलोमिटर रहेको छ भने पूर्व पश्चिम लम्बाई ८८५ तथा उत्तर दक्षिण लम्बाई १९३ किलोमिटर छ । नेपालको भौगोलिक सामाजिक अवस्थिति सम्पन्नशाली र विविधतापूर्ण छ । हालसम्म नेपालमा एक सयभन्दा बढी जातजाति र ९२ वटा भाषाभाषीहरु राज्यले पहिचान गरेको छ । यही अनुरुप नेपालमा रहेका १०२ भन्दा बढी जातजातिको बसोबास रहेकोमा ५९ जातलाई जनजातिमा सुचिकृत गरेको छ । जुन मंगोल जात अन्तरगत पर्दछ । लिम्बू जातिको मूल थातथलोको क्षेत्रलाई लिम्बूवान भनिन्छ । जुन अरुण, सप्तकोशी, पूर्व मेची र कोशीका ९ वटा जिल्लाहरु रहेका छन् भने नेपाल बाहिर भारतको सिक्किम पश्चिम बंगाल, दार्जिलिङ्ग, आसाम, नागाल्याण्ड अर्थात पूर्वोत्तर बसोबास रहेको छ । जसको कुल जनसंख्या ३,५९,३७९ रहेको छ । प्राथमिक तह शिक्षा हासिल गर्ने ४७.६ प्रतिशत, S.L.C. माथी पास गर्ने ९.९ प्रतिशत र स्नातक र सो भन्दा माथि १.० प्रतिशत रहेको छ । जनजातिको रुपमा शैक्षिक सहभागितालाई हेर्दा मध्यम क्रममा पर्छ (लिम्बू, आदिवासी जर्नल

२०६८) । नेपालमा विद्यालय जान उमेर ६/१४ वर्षका ८ प्रतिशत सरकारी तथ्याङ्क भन्दा बढी बालबालिकाहरु निरक्षर छन् विद्यालय सम्म पुऱ्याईएका बालबालिका मध्ये ३९.५ प्रतिशत मात्र आधारभूत तहको शिक्षा कक्षा ५ पूरा गरेको देखिन्छ । त्यस्तैगरी राष्ट्रिय जीवनस्तर सर्वेक्षण ३, २००८ र का अनुसार ५०.६ प्रतिशत लिम्बूहरु लेख्न सक्ने अवस्थामा छन् भने ४९.४० प्रतिशत लिम्बूहरु लेख्न नसक्ने अवस्थामा छन् ।

यसलाई हेर्दा अझै पनि लिम्बू जातिको शिक्षाको क्षेत्रमा आधा जनसंख्या नै निरक्षर रहेको देखिन्छ । त्यसैगरी यसजातिको ७० प्रतिशत जनसंख्या गरिविको रेखामुनि रहेको र अधिकांश लिम्बूहरु ग्रामिण र दुर्गम क्षेत्रमा वसोवास रहेकाले पनि शिक्षावाट वन्चित रहनुपरेको देखिन्छ र यस जातिले आफ्नो परिवारमा वोल्दा मातृभाषाको प्रयोग गर्ने भएकोले पनि उक्त भाषाको माध्यमवाट सवै विद्यालयमा पढाइहुने व्यवस्था नभएका कारण पनि शैक्षिक क्षेत्रमा सहभागिता कम देखिन्छ ।

यसर्थ नेपालको परिप्रेक्ष्यमा यस जातिको शैक्षिक अवस्थालाई सामान्य रुपमा भएकोले यस जातिको वारेमा अध्ययन गर्न अध्ययन कर्ता उत्सुक छ र अध्ययन गर्न आवश्यक पनि छ । यो जातिको वारेमा अहिलेसम्म कुनै क्षेत्रवाट वृहत खोज अनुसन्धान भएको पाइदैन । नेपालको सुदूर पूर्वी क्षेत्रमा लिम्बूहरुको वासस्थान रहेको छ । यसै मध्ये नेपालको पूर्वी जिल्ला तेह्थुम पनि लिम्बू जातिहरुको वाहुल्यता भएको जील्ला भएकोले यस जिल्लामा लिम्बू जातिको प्राथमिक तहमा शैक्षिक सहभागीता कस्तो छ भनी अध्ययन गर्ने जमर्को यस अध्ययन कार्यमा गरिएको छ ।

## १.२ अध्ययन क्षेत्रको परिचय

पूर्वी नेपालको कोशी अञ्चलका ६ वटा जिल्लाहरु मध्येको तेह्रथुम एउटा सानो पहाडी जिल्ला हो । जुन समुन्द्र सतहबाट ३२२ मीटरदेखि ३०३४ मिटर सम्मको उचाइ सम्मको उचाइमा रहेको छ । आकारमा सानो भए पनि प्रशस्त डाँडा पाखा, बनजङ्गल र खोलानालाले भरिपूर्ण यस जिल्लाको उहिले देखि नै विशिष्ट पहिचान रहेको छ । तेह्रथुम जिल्लाको नामाकरण सँग तिरो उठाउने प्रसङ्ग जोडिएको छ । तिरो उठाउने अभिप्रायबाट १९५२ सालमा यस क्षेत्रको १३ वटा थुम (बस्ती) बस्तीमा विभाजन गरी तिनको केन्द्र म्याग्लुङ्गलाई बनाएर ति सबैको एकिकृत नाम तेह्रथुम राखिएको मानिन्छ । साथै यो वा अन्य जुनसुकै आधारमा नामाकरण गरिएको भएपनि तेह्रथुम जिल्ला नेपालको पूर्वाञ्चलन  विकास क्षेत्र अन्तर्गत पर्ने कोशी अञ्चलको मात्र नभएर नेपाल राष्ट्रकै एउटा ऐतिहासिक महत्व बोकेको प्रमुख जिल्ला हो । जसको कूल जनसंख्या १,१३,१११ रहेको छ । जसमा महिला र पुरुषको क्रमशः जनसंख्या ५८,१८९ ( ५१.४५%) र ५४,९३२ (४८.६५%) रहेको छ अर्थात जम्मा जनसंख्याको ०.४९ प्रतिशत रहेको छ । धर्म र संस्कृतिलाई मिश्रित रुपमा तेह्रथुम बासीले मनाउँछन् भने तेह्रथुम जिल्लामा लिम्बू जातिको बाहुल्यता ३५.४५ प्रतिशत रहेको छ भने त्यसपछि ब्राह्मण ३४.७५ प्रतिशत, तामाङ्ग ५.८५प्रतिशत र दलित ८.७५ प्रतिशत रहेको देखिन्छ भने । स्टार्टस रिर्पोट २०६६/६७ का अनुसार तेह्रथुम जिल्लामा प्राथमिक तहमा कक्षा १ कक्षा छाड्ने दर ३८ प्रतिशत रहेको छ भने कक्षा ५ मा कक्षा छाड्ने दर १३.१८ प्रतिशत रहेको

पाइन्छ भने यस जिल्लाको कूल जनसंख्या मध्ये ५९.४ प्रतिशत ६ वर्ष माथिको साक्षर रहेका मध्ये ४७.८ प्रतिशत महिला र ७१ प्रतिशत पुरुष साक्षर रहेको छ । यस जिल्लामा ३२ वटा गा.वि.स. रहेका छन् जस भित्र १६८ प्रा.वि., ३५ नि.मा.वि., १४ मा.वि., २३ उ.मा.वि., ३ बोडिङ्ग र समुदायलाई हस्तान्तरण १०९ गरी जम्मा २५२ वटा विद्यालय रहेका छन् । जस मध्येका २ वटा गा.वि.स. सोल्मा र सुङ्नाम मैले मेरो अध्ययनका क्षेत्र छनौट गरेको थिए । यस गा.वि.स.को पूर्वमा पिप्ले गा.वि.स., पश्चिममा बसन्तपुर गा.वि.स., उत्तरमा जिरीखिम्ती र दक्षिणमा म्याग्लुङ्ग गा.वि.स. पर्दछ । शिक्षा र चेतना भएको गा.वि.स. को रुपमा रहेका यि गा.वि.स. हरुका अधिकांश बस्ती लिम्बू जातिको र अन्य सबै जातिको संयुक्त बस्ती रहेको छ । यस अध्ययन क्षेत्रका सोल्मा गा.वि.स. अन्तर्गत १ वटा उ.मा.वि., २ वटा नि.मा.वि. र ४ वटा प्रा.वि. रहेका छन् भने सुङ्नाम गा.वि.स. २ वटा उ.मा.वि., १ वटा मा.वि. र ४ वटा प्रा.वि. रहेका छन् । (सापकोटा, तिनजुरे वार्षिक मुखपत्र, २०६७)

## १.३ समस्याको कथन

सन् २००० को अप्रिलमा सेनेगलको डकारमा सम्पन्न सम्मेलनले सन् २०१५ सम्ममा “सबैका लागी शिक्षा” भन्ने मूल उद्घोष पारित गर्‍यो । उक्त घाषणालाई नेपालले पनि अंगिकार गरेको छ । अझै पनि प्राथमिक विद्यालय उमेरका ८९ प्रतिशत वालवालिका प्राथमिक विद्यालयमा सहभागी हुन सकेका छन् र १४ प्रतिशत वालवालिकाहरु प्राथमिक शिक्षाको अवसरवाट वन्चित रहेका छन् ।

प्राथमिक शिक्षा चुनौतिको रुपमा रहेको अवस्थामा विद्यालयमा भएको प्रतिकुल वातावरण समाजमा रहेको जातीय भेदभाव, छोराछोरीप्रतिको अलग धारणा, भौगौलिक विकटता, वालविवाह, हिनतावोध, घरायसी कामको भार, कलह तथा ब्यबहारिक जिम्मेवारी सम्माल्नुपर्ने वाध्यता, कृषि कार्यमा संलग्न हुनुपर्ने समस्या आदि कारणले विद्यालयमा प्राथमिक छात्राहरुको उपस्थिति कम देखिन्छ ।

यसमा पनि विशेष गरी जनजाती, दलित र पिछडिएका समुदायहरुका वालवालीकाहरुको शैक्षिक स्थिति दयनिय देखिन्छ । यस्तो अवस्थामा लिम्बू जातिको शिक्षामा सहभागीताको स्थिति, भर्नासंख्या, विद्यालय छाड्ने तथा दोहोर्‍याउने कारणहरुको पहिचानलाई समस्याको रुपमा लिइएको छ ।

## १.४ अनुसन्धाात्मक प्रश्न

कुनै पनि अध्यन तथा अनुसन्धानलाई पूर्णता दिनका लागि त्यस विषयसँग सम्बन्धित विभिन्न कुराहरुको खोजी गर्नु प र्ने हुन्छ । जसका लागि कुनैपनि निश्चित क्षेत्रमा रहन जरुरी हुन्छ । तसर्थ यो अध्ययन निम्न लिखित समस्यामूलक प्रश्नमा केन्द्रित रहेर अध्ययन अनुसन्धान गरिएका थियो :-

१) लिम्बू जातीका वालवालिकाहरु प्राथमिक तहमा के कति भर्ना भएका छन् ?

२) लिम्बू छात्रछात्राहरुको प्राथमिक तहमा कक्षा छाड्ने दोहोर्‍याउने दर के कस्तो रहेको छ ?

३) कक्षा बिचैमा छोड्ने कारणहरु के-के छन् ?

४) लिम्बू बालबालिकाहरु विद्यालय नजाने कारणहरु के-के हुन् ?

५) लिम्बू जातिका छात्रछात्राहरुको शैक्षिक सहभागीता कम हुन कारणहरु के-के हुन् ?

६) उक्त सहभागीतालाई बढाउन के गर्न सकिएला ?

## १.५ अध्ययनको उद्देश्य

प्राथमिक विद्यालय तहमा लिम्बू जातिको शैक्षिक सहभागीताको अध्ययन गर्न निम्नलिखित उदेश्य रहेका छन् :

१) लिम्बू जातिका वालवालिकाहरुको प्राथमिक शिक्षामा सहभागीताको स्थिति पहिचान गर्नु,

२) लिम्बू जातिका प्राथमिक तहका छात्रछात्राहरु विद्यालय नजानु, कक्षा दोहोर्‍याउने र विचैमा कक्षा छाड्नुका कारणहरु पत्ता लगाउनु ।

## १.६ अध्ययनको औचित्य

शिक्षा एउटा त्यस्तो प्रक्रिया हो । जसद्धारा ब्यक्ति जटिल सामाजिक संरचनासँग समायोजित हुन सक्छ शिक्षाको माध्ययमबाट नै ब्यक्तिले संस्थागत समूहमा रहेर आफ्नो दायित्व निर्वाह गर्न सक्दछ । शिक्षा विकासका लागी महत्वपूर्ण र आवश्यक सामाजिक पूर्वाधार भएकोले सर्वसुलभ तरिकावाट गुणस्तरीय शिक्षा सवैले पाउनु पर्ने हुन्छ । जनताको आवश्यकता अनुसार शिक्षा सर्वसाधारणको पहुँच अनुसार भएमा समाजले गति लिन सक्छ । शिक्षाको राष्ट्रिय उदेश्यमा पनि सबै जातिका वालवालिकाहरुलाई शिक्षाका समान अवसर तथा प्राथमिक तहका देशभरका सम्पूर्ण जातजातिका वालवालिकाहरुमा अनिवार्य रुपमा विद्यालय भर्ना गराउनेलक्ष्य राखेता पनि कार्यान्वयन पक्षमा भने कमजोरी नैरहेको देखिन्छ । जनजातीका बहुसंख्यक वालवालिकाहरुलाई शिक्षाप्रति सकारात्मक प्ररणा जगाउन र वालवालिकाका लागी छात्रवृत्ति तथा पौष्टिक आहार कार्यक्रम, फिडर छात्रावास कार्यक्रम आदि संचालन भएतापनि प्राथमिक उमेरका सबै वालवालिका विद्यालय जान सकिरहेका छैनन् । यसमा पनि दलित, पिछडिएको, आदीवासी जनजाति आदिलाई समुदायमा हेर्ने दृष्टिकोणमा परिवर्तन भएको देखिदैन । यसले गर्दा प्राथमिक विद्यालय उमेर समुहका अन्य छात्रछात्रहरुको तुलनामा दलित र जनजातिका वालवालिहरुको सहभागीता कम देखिन्छ ।

यसर्थ विभिन्न अनुसन्धानको आफ्नै प्रकारको उदेश्य रहेको हुन्छ र उक्त उदेश्यलाई पूरा गर्ने हिसावले अध्ययन तथा अनुसन्धान गरिन्छ । यसै अनुरुप प्रस्तुत प्राथमिक विद्यालय तहमा लिम्बू जातिको शैक्षिक सहभागीता सम्वन्धी गरिने अध्ययनवाट निम्नलिखित फाइदा हुनेछ :

१) प्रस्तुत अध्ययनले लिम्बू जातिका बालबालिकालाई अन्य वालवालिकाहरु सरह विद्यालय सहभागीता पहुँच वढाउन सहयोग पुऱ्याउनेछ ।

२) लिम्बू जातिका वालवालिकाहरुलाई शिक्षामा वढी भन्दा वढी मात्रामा सहभागी गराउन, शिक्षक, अभिभावक समाज, विद्यालय आदी पक्षले उत्तरदायीत्वपूर्ण भूमिका निभाउनु पर्ने कुरामा सचेत गराउने छ

३) लिम्बू जातिका वालवालिकाको शिक्षाका सहभागीताको स्थिति पत्ता लगाई तिनलाई प्रभाव पार्ने कारणहरु पत्ता सकिएमा यस अध्ययनले तिनीहरुको शिक्षामा पहुँच वढाउनका लागी सहयोग गर्नेछ ।

४) तेह्रथुम जिल्लामा रहेका लिम्बू जातीका बालबालिकाको शैक्षिक सहभागीतामा सुधार ल्याउन सहकारी तथा गैरसरकारी संस्थाहरुलाई ध्यानाकर्षण गर्नेछ ।

५) यस जातिलाई शिक्षामा सहभागी गराउन आवश्यक पर्ने विभिन्न कार्यक्रमहरुतय गर्न सहयोग गर्नेछ ।

६) लिम्बू जातिको वारेमा अध्ययन गर्न र लिम्बू जातीको समग्र रुपमा नै शैक्षिक सहभागीताको थप अनुसन्धान कार्यगर्न सहयोग पुग्नेछ ।

७) यस विषयसँग प्रत्यक्ष वा परोक्ष रुपमा सरोकारवालाहरु, शिक्षक, शिक्षाविद्, अनुसन्धानकर्ता आदीलाई यस्ता जातीको शैक्षिक सहभागीता वृद्धि गर्न के कस्ता पक्षहरुमा सुधार र अनिवार्यता गर्नुपर्ने सो को निम्ति नीति निर्माणमा सहयोग पुग्नेछ ।

## १.७ अध्ययनको सीमाङ्कन

कुनैपनि अध्ययन अनुसन्धान गर्नकालागी आफ्नै किसिमका सिमाहरु हुन्छन् । प्रस्तुत अध्ययन कार्यको क्षत्र बृहत भएता पनि यस अध्ययनमा राखिएका उदेश्यलाई पूरागर्ने हिसाबले साथै समय, स्रोत, साधनलाई समेत ध्यानमा राखेर यस अध्ययन निम्नलिखित सिमा भित्र रहेर सम्पन्न गरिएको थियो :

१) यो अध्ययन लिम्बू जातीमा सिमित थियो ।

२) यो अध्ययन तेह्रथुम जील्लाका सोल्मा र सुङ्नाम गा.वी.स. का ४ वटा सामुदायीक विद्यालयमा सिमित गरिएको थियो ।

३) यो अध्ययन प्राथमिक तह (कक्षा १-५) मा मात्र सिमित गरिएको थियो ।

४) तथ्याङ्क संकलनका क्रममा ४ वटै विद्यालयका प्र.अ,त्यस्तैगरी १२ जना शिक्षक-शिक्षिकाहरु, २० जना लिम्बू जातीका विद्यार्थी, १६ जना अभिभावक र ८ जना शिक्षाप्रेमीहरुलाई सिमित गरिएको थियो ।

# अध्याय दुई
# पूर्वसाहित्यको पुनरावलोकन

अनुसन्धान कार्य गर्नु अगाडी अनुसन्धान शीर्षकसँग सम्बधित पूर्व अध्ययन तथा पुस्तक, पत्रपत्रिका, बुलेटिन आदिवारे अध्ययन गर्नु नै पूर्व साहित्यको समिक्षा हो । आफूले गरेको अनुसन्धान नयाँ होस नदोहोरिओस् भन्नका लागी तथा अनुसन्धानलाई प्रष्ट पार्न अध्ययन विधिलाई सुधार गर्न सम्बन्धित विषयमा ज्ञानको क्षेत्र फराकिलो पार्न समेत पूर्व साहित्यको पुनरावलोकनले सहयोग गर्दछ ।

नेपालका विभिन्न जनजातिहरु मध्ये लिम्बू जाति पनि एक हो । यस जातिका वारेमा खासै अध्ययन अनुसन्धान भएको पाइदैन केही फुट्कर लेखहरु, विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका सामाग्रीहरु र विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका सामाग्रीहरु र विभिन्न विद्यालयहरुले सम्वन्धित निकायमा प्रस्तुत गरेका प्रतिवेदनहरु मत्र भेट्न सकिन्छ अध्ययनकर्ताको जानकारीमा आए अनुसार अध्ययन कार्यलाई सहयोग पुर्याउन सक्ने तथा लिम्बू जातिका वारेमा प्राप्त पूर्वकार्यको समिक्षा निम्नानुसार गरिएको छ ।

## २.१ अध्ययनको सैद्धान्तिक संरचना

इमाइल दुर्खिम (सन् १८५८-१९१७) ले सामाजीक वर्गले शिक्षामा पर्ने प्रभाववारे आफ्नो धारणा ब्यक्त गरेका छन् । उनका अनुसार शिक्षा एक सामाजिक बस्तु हो र शिक्षाले प्राप्त गरेका आदर्शहरुलाई नै समाजले आफ्नो आफ्नो आदर्शका रुपमा ग्रहण गर्दछ । शिक्षाले समाजको निरन्तर योगदानका अलावा सामाजीक आवश्यकताहरुको समेत पूर्ति गर्दछ । उनको विचारमा शिक्षा र समाज अलग रहन सक्दैन । समाजमा प्रत्येक ब्यक्तिहरुमा साझा गुणले उनीहरुमा समानता ल्याउछ र सामाजीक दायित्वको वोध हुन्छ जुन शिक्षाले ग्रहण गर्दछ । यसरी शिक्षाले समाजको आवश्यकत पूर्ति गर्दछ र सामाजीक विकासमा योगदान पुर्याउछ ।

इमाइल दुर्खिमका अनुसार शिक्षा पूर्णतया साामाजिक प्रक्रिया हो । यसको छुट्टै चिनारी नै छैन , समाजको रुचि, माग, आर्दश, मूल्य र संस्कार सँग शिक्षा अघि वढदछ । ब्यक्ति र समाजको आधारमा नै शिक्षाको अस्तित्व संभव हुन्छ । समाजको सामूहिकपन, सामुहिक चेतना र सामाजीक प्रतिनिधित्व जस्ता सिद्धान्तहरुको प्रतिपादन गरी उनले शिक्षाको समाजशास्त्रीय विकासमा योगदान पुऱ्याए ।

त्यसैगरी दुर्खिमकै अनुसार जसरी ब्यक्ति क्रियाकलापहरुको संचालनका लागी क्रियाशिल हुनुपर्छ त्यसरी नै सामाजीक क्रियाकलाप संचालनका लागी समाजको प्रणाली क्रियाशिल हुनुपर्छ । समाज जीवीत र क्रियाशिल रहनका लागी सामाजीक-सांस्कृतिक मूल्य मान्यताहरु प्रणालीका रुपमा चल्नु पर्दछ । सवै समाजको वातावरण एकै प्रकारको नहुन सक्दछ एउटा वातावरणमा लागू नहुन सक्छ अत अलग-अलग समाज, अलग-अलग प्रणालीवाट संचालित हुन्छ । त्यसैले जुन समाज प्रणालीवाट संचालित छ त्यही प्रणालीका आधारमा त्यो समाज र ब्याख्या गरिनु पर्दछ भन्ने धारणा उनले कार्यगत सिद्धान्तमा उल्लेख गरेका छन् ।

यसैगरी इमाइल भन्दछन् विद्यालयले नै जातीय छुवाछुत, भाषिक थिचोमिचो, संस्कार ब्युताइ दिन्छ । दुर्खिमको यस चिन्तनलाई मनन गर्दा नेपालमा सवैलाई विद्यालय स्तरसम्म निशुल्क शिक्षा लागू गरिएको छ तापनि कयौ वालवालिकाहरुले सामाजिक विभेदका कारण अफै पनि विद्यालय शिक्षाको अवसरवाट वाहिरिएका छन् । ती वालवालीकाहरु निम्न वर्गका हुन्छन् । आर्थिक, सामाजीक वर्गको प्रभाव पार्दछ । जसले गर्दा उनीहरुले राम्रोसँगा सिक्न र प्रतिस्पर्धा गर्न सक्दैनन् । यस्तो अवस्थामा शिक्षामा समान अवसर तथा निशुल्क शिक्षाको अवधारणा लागू हुन सकेको पाइदैन । (शर्मा, २०६६ :१७७)

माथि उल्लेखित चिन्तनका आधारमा लिम्बू जातिको परिवेशलाई अध्ययन गर्दा इमाइलले आर्थिक, सांस्कृतिक, पारिवारिक, भाषिक आदि कारणले गर्दा व्यक्तिले विद्यालय गएर शिक्षा ग्रहण गर्न सक्दैनन् भनेका छन् । जसले गर्दा उनिहरु विद्यालय गएपनि विचैमा छोड्ने गरेको पाइन्छ । तसर्थ यस्ता किसिमका अन्धविश्वास समयमै हटाइयो भने लिम्बू समुदायमा रहेका वालवालिकाहरु निरन्तर रुपमा विद्यालय गई पठनपाठन गराईन सकिने साथै उनिहरुको सहभागीतालाई पनि वढाउन सकिन्छ ।

विभेदीकरणको सिद्धान्त अनुसार समाजमा विभिन्न जात-जाति, भाषा-भाषी, धर्म र पेशाका मानिसहरु रहेका हुन्छन् । हरेक वर्गका मानिसहरुका आफ्ना-आफ्ना क्रियाकलाप, मान्यता र कार्यहरु रहेका हुन्छन् । समाजमा रहेका यस्ता कार्यहरुका आधारमा उनीहरुको एक अर्को प्रतिको मान सम्मान र व्यवहारमा पनि फरक-फरक प्रकृति रहेको हुन्छ यस्ता सम्पूर्ण प्रकृतिलाई त्यस समाजले मान्यता प्रदान गरेको हुन्छ । जसलाई सामाजीक विभेदीकरण भनिन्छ । यसै विभेदीकरणको सिद्धान्तलाई पछ्याउदै ग्रिसेली प्रसिद्ध दार्शनिक प्लेटोले आदर्श राज्यको परिकल्पना गदै समाजलाई विभिन्न वर्गमा विभाजन गर्ने चिन्तन प्रस्तुत गरेका छन् भने त्यस्तैगरी एरिस्टोटलले सामाजीक विभेदीकरण हुन मूल कारणमा आर्थिक पक्षलाई जोड दिएको पाइन्छ भने म्याकिभेलीको विचारमा समाजमा भएका शोषित वर्गमा भएको विभेदीकरणको खाडललाई औल्याएका छन् भने समाजमा भएका व्यक्तिहरुका विचारमा सम्पत्ति, शक्ति र मान सम्मान तथा इज्जतलाई तानातान भई समाजमा विभेदीकरण निम्त्याउने गर्दछ भनी उल्लेख गरेका छन् ।

यसलाई हेर्दा समाजमा विभिन्न जातिगत विविधता रहेको हुन्छ । जसकै आधारमा समाज विभिन्न खण्डमा विभाजित हुन्छ । जाती अनुसार नै खानपान, सामाजीक सम्वन्ध, पेशा ,शिक्षा आदिको निर्धारण हुन्छ । त्यस्तै जातीगत व्यवहारका कारण नै समाज आर्थिक, राजनैतिक र सामाजिक पक्षमा असमानता भई उक्त पक्षले शिक्षामा समेत असर पुग्ने देखिन्छ ।

## २.२ लिम्बू भाषा र उक्त भाषाको शिक्षाको विकासमा अध्ययन

लिम्बू जातिले बोल्ने भाषालाई लिम्बू भनिन्छ भने उनीहरुले आफ्नो भाषामा यसलाई याक्थुङ पाःन या याक्थुङ्वा पाःन भन्दछन् । लिम्बू भाषा भोटे-बर्मेली परिवारको पूर्विय शाखा अन्तरगत बोडिक उपशाखाको हिमाली वर्गको पूर्वी किराँती भाषा हो (काइला, २०५९:१०) । जनगणना २०५८ का अनुसार जनसंख्या ३,५९,३७९ रहेको छ भने वक्ता संख्या ३,३३,६३३ रहेको (योञ्जन, २०१२:२६१) छ । विरही

काइला अनुसार गोरखा सरकार र इस्ट इन्डिया कम्पनीबिच भएको सुगौली सन्धि (सन् १९१५), कम्पनी र सिक्किमका राजा चुङ्फूद नाम्ग्यालसँग भएको तितालिया सन्धि (१० फरवरी १८१७) अनि अंग्रेजीहरुले दार्जिलिङ्ग (सन् १८३५) तथा कालेबुङ्ग लिम्बूहरु नेपाल सिक्किम र हिस्दुस्तान गरी तीन देशका नागरिक भए (२०४९:३३) । सिक्किम भारतवर्षमा विलय भएपछि भने लिम्बूहरु राजनैतिक रुपमा दुई देशमा विभक्त भएका छन् (तुम्याहाङ्ग, २०६६:१६) ।

सत्रौं शताब्दीदेखि नै भारतमा ब्रिटिस इस्ट इन्डिया कम्पनीमार्फत अंग्रेजहरुको प्रभुत्व कायम गर्न थालेपछि अंग्रेजलाई नेपाल, नेपालका बासिन्दा र तिनका रीतिथिति एवं संस्कृति, भाषा र लिपिका विषयमा जान्ने उत्सुकता जगायो । कर्कपेट्रिक (१८११), सर फ्रान्सिस ह्यामिल्टन (१८१९०), डा. क्याम्बेल (१८५५), बी.एच. ह्ज्सन (१८४६-१८५८) आदिले नेपालका विविध जाति र भाषाका कुरा गर्दा लिम्बू जाति र उनका भाषाको चर्चा गरेका छन् । सिरिजंगा दोस्रोको हत्या भएको लगभग १०० वर्षपछि नेपाल उपत्यकामा धेरै बर्ष बसेका बी.एच. हज्सन (हज्सन पाण्डुलिपि, भो. ७३:१५५-१५६ तथा चेम्जोङ्ग वि.सं. २०३१/१९७५ ई.पृ. ५७-५८) ले पछि सन् १८५६ तिर दार्जिलिङ्गमा सिक्किमबाट फेला पारेको कुहिएका कागजपत्रहरका आधारमा सिरिजङ्गाको लिपीमालालाई पुनः जीवन दिदै उत्थान र अभिलेख गर्ने ऐतिहासिक काम गरेका थिए । उसबेलाको लेखौटहरु पाइन गाह्रो भए पनि उनले लेख्न लगाएका र भेटेका कागतपत्रमा सिरिजङ्गाको हस्तलिपिमा लिखित पाण्डुलिपि पनि हुनुपर्छ भनी अड्कल सकिन्छ । यसरी लिम्बू भाषाको लेखय परम्पराको इतिहास हामी दोस्रो सिरिजङ्ग पुगेको भेट्छौ । किंवदन्तीअनुसार प्रथम सिरिजंङ्गाले नवौं शताब्दीमा (बाजबीर थुलुङ, १९२८ ई. तथा चेम्जोङ्ग, २०१३ ई.) किराँत लिपि आविस्कार गरेर प्रचलनमा ल्याएका थिए । मञ्जुल याक्थुम्बाका अनुसार प्रथम सिरिजङ्गाले सौभर किराँतहरुसँग रहेको ६ हजार वर्ष पुरानो लिपिलाई पुनरुत्थान मात्र गरेका हुन् । त्यसपछि पुनः लुप्त भएका हजार वर्षपछि वर्तमान नेपालको सुदूर पूर्वको पल्लो किराँत सिनाम तेल्लोक निवासी सिङ्थेवे थरका सिरिजङ्गा दोस्रा (१७०४-१७४१ ई.) ले यो किराँत लिपि को विकास गरेको देखिन्छ यस सँगै लिम्बू जातिको शिक्षाको पनि विकास भएको देखिन्छ तापनि लिम्बू जातिको आफ्नै परम्परा, मूल्य मान्यता र संस्कृतिले गर्दा, सामाजिक, आर्थिक कारणले गर्दा आफ्नै लिपि भएरै पनि शिक्षाको क्षेत्रमा भने सोचेजस्तो अगाडि बढेको देखिंन्न ।

लिम्बू भाषाको विकास गर्न र विद्यालयीय शिक्षामा उनीहरुको पहुँच बढाउनका लागि अनौपचारिक शिक्षा तर्फ किराँत याक्थुङ्ग, चुम्लुङ्गले लिम्बू भाषा तथा किराँत सिरिजङ्गा लिपिमा अनौपचारिक शिक्षा कार्यक्रम २०५१ सालदेखि सुरु गऱ्यो । तरङ्ग भाग १ र भाग २ पाठ्यपुस्तक तयार गरेर पूर्वाञ्चलका विभिन्न गाउँहरुमा लिम्बू भाषामा अनौपचारिक शिक्षा कार्यक्रम संचालन गर्‍यो । यस कार्यक्रमलाई अझ प्रभावकारी बनाउका लागि चोत्लुङ्ग भाग १ र भाग २ पाठ्यपुस्तक समेत निर्माण गरी कार्यक्रम संचालन गरिएको छ । यसरी नै अनौपचारिक शिक्षा केन्द्रले लिम्बू भाषाको माध्यमबाट अनौपचारिक शिक्षा दिन जनशक्ति विकास केन्द्रले लिम्बू भाषा शिक्षक तालिमको लागि लिम्बू भाषामा बहुभाषिक शिक्षा प्रशिक्षक निर्देशिका र स्वअध्ययन सामग्री निर्माण गरी प्रकाशन गरेको छ । जसको

फलस्वरुप त्यसबाट उत्पादित जनशक्तिले लिम्बू भाषाको शिक्षक उत्पादन पश्चात त्यसको उपस्थितिले र प्राथमिक तहमा मातृभाषाबाट पढाइ हुने कारणले गर्दा विद्यालयमा लिम्बू विद्यार्थीको सहभागितामा बृद्धि हुने देखिन्छ (आबुहाङ्ग, २०६८ माघ, थुक्थो मासिकः ३ काठमाण्डौं) ।

विभिन्न आदिवासी जनजातिहरुको शैक्षिक स्थिति बढाउन उनीहरुको भाषासँग सम्बन्धित कुरालाई हेर्न जरुरी छ । त्यही अनुरुप लिम्बू भाषा अन्य जातिको भाषाको तुलनामा विश्लेषण गर्दा उक्त भाषा अघि नै रहेको पाइन्छ र त्यही अनुरुप उक्त जातिको पाठ्यक्रम तथा पाठ्यपुस्तक अलिक व्यवस्थित रुपमा निर्माण गरेको देखिन्छ । तापनि प्राथमिक तहमा दिइने मातृभाषाको शिक्षामा आवश्यक मात्रामा उपलब्ध नहुनु, अन्तरसंस्कृतिक समायोजनले आफ्नो मातृभाषा नबोल्नु, शिक्षक दरबन्दी तथा भौतिक र प्रशासनिक स्रोतहरुको उपलब्धता कम हुनु साथै स्थानीय स्रोतको भरमा शिक्षक राख्ने, दक्ष विषय शिक्षकको अभावले गर्दा त्यसको कार्यान्वयन राम्रो नभएको देखिन्छ । जसले गर्दा उक्त भाषाको लगायत अन्य भाषाको प्रयोग मार्फत प्राथमिक तहमा विद्यालयमा विभिन्न जनजातिको सहभागितामा बृद्धि गर्न प्रयास त्यती सफल भएको देखिदैन (सुब्बा, २०६७, मातृभाषामा शिक्षा, स्थिति र चुनौती पेजः ४५) ।

### २.२.१ अनुसन्धानसँग सम्बन्धित साहित्यको पुनरावलोकन

नेपालमा रहेका ५९ जनजाति मध्येको आदिवासी जनजातिको रुपमा नेपाल सरकारले लिम्बूलाई पनि सूचिकृत गरेको छ । तिनै ५९ आदिवासी जनजातिको मध्ये मंगोल किराँत अर्न्तगतको मूल थातथलोलाई लिम्बूवान भनिन्छ । त्यस्तैगरी अरुण-सात-कोशी पूर्व मेची र कोशीका ९ जिल्लाहरुलाई पनि लिम्बूहरुको बसोबास रहेको पाइन्छ । लिम्बूहरु आफूलाई याक्थुङ्वा भन्ने गर्दछन् र अन्य जातिको भन्दा लिम्बू जातिको साँस्कृतिक पहिचान पनि अलग छ । त्यसैले धाननाच, च्याब्रङ्ग नाच उद्यौली, उभौली लिम्बूहरका महत्वपूर्ण साँस्कृतिक पहिचान हुन । तसर्थ यस्तो जातिको बारेमा विभिन्न लेखक तथा अनुसन्धानकर्ताहरुले आफ्ना पुस्तक तथा पत्रपत्रिका र खोलमूलक लेखहरुमा आ-आफ्ना विचारहरु प्रस्तुत गरेका छन् तर यस विषयमा भने गहन अनुसन्धान कार्य भने कमै मात्रामा भएको पाइन्छ । प्रस्तुत अध्ययन प्राथमिक तहमा लिम्बू जातिको शैक्षिक सहभागिता सम्बन्धमा गरिएको अध्ययन गर्न अग्रजहरुले गरेका विभिन्न लेख, रचना, पत्रपत्रिका, पूर्व साहित्यको समिक्षा र उनीहरुको शैक्षिक पक्षसँग सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन यस प्रकार गर्न प्रयास गरिएको छ ।

भट्टराई (२०६१) ले बालबालिकाहरु औपचारिक शिक्षा लिनका लागि लिम्बू जातिको सामाजिक, साँस्कृतिक र आर्थिक परिपाटिहरु सहयोगी वा बाधक छन् भन्ने बारेमा अध्ययन गरी सामाजिक, आर्थिक र साँस्कृतिक पक्षले बालबालिकाको औपचारिक शिक्षा लिन बाधा पुऱ्याई रहेका छन् भन्ने कुरा पत्ता लगाएका छन् । साथै लिम्बू बालबालिकाहरुलाई विद्यालयमा नियमितता गराउने उपायहरु विद्यालय समय परिवर्तन गर्नुपर्ने, बढी भन्दा बढी छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, पोशाकको व्यवस्था गर्नुपर्ने, शिक्षालाई निःशुल्क बनाउनु पर्ने, मातृभाषामा प्राथमिक शिक्षाको व्यवस्था गर्नुपर्ने कुरा पत्ता लगाएका छन् ।

लुइटेल (२०६६) ले झापा जिल्लामा प्राथमिक विद्यालय तहमा लिम्बू जातिको सहभागिता बारेमा गरेको अध्ययनमा लिम्बू बालबालिकाको विद्यालय सहभागिता कम रहेको कुरा उल्लेख गरेकी थिइन् । साथै उनले यस जातिको शिक्षा सम्बन्धी धारणा पनि सर्वेक्षण गरेकी छन् । त्यस्तै गरी उनीहरुमा बालबालिकाहरुको विद्यालय सहभागिता कम हुनुको कारणमा आर्थिक अवस्था कमजोर हुनु, जनचेतनाको कमी, सामाजिक, साँस्कृतिक परिपाटि आदि पत्ता लगाएका छन् । तिनीको समाधानका उपायहरुमा आर्थिक अवस्था सुधार्नु पर्ने, लिम्बू बालबालिकालाई अनिवार्य छात्रवृत्ति, पोशाकको व्यवस्था गर्नुपर्ने, परिवार नियोजनको बारेमा प्रचारप्रसार गर्नुपर्ने, सामाजिक, साँस्कृतिक परिपाटिमा समय अनुसार सुधार गर्नुपर्ने आदि प्रस्तुत गरेकी छन् ।

राई जर्नल (२०६८) अनुसार लिम्बू भाषाबाट अनौपचारिक शिक्षा कार्यक्रम संचालित विषयलार्य हेर्दा उक्त लिम्बू जातिहरु पछि पर्नुका कारणमा उनीहरुको भाषिक, शैक्षिक, आर्थिक, सामाजिक, साँस्कृतिक रहेको छ साथै विगगतमा राज्यस्तरबाट भएको असमान व्यवहार र शासत प्रणालीको कुचक्रमा लिम्बूहरु परेको पाइन्छ । तर यस्तो परिस्थिति बाट माथि उठाउन लिम्बू जातिको चेतना बढाउन शिक्षाको आवश्यकता रहेको देखिन्छ । जसको लागि अधिकांश ग्रामिण र दुर्गम भेगमा बसोबास गरेका लिम्बूहरुको शैक्षिक स्तर उठाउन अनौपचारिक शिक्षा सहयोगी सिद्ध भएको देखिन्छ । जसमा पनि आफ्नै लिपि र मातृभाषाको प्रयोगले शिक्षा लिन पाउँदा आफ्नो मातृभाषाको सम्बद्धन र विकासमा सकारात्मक भूमिका निर्वाह गरी साक्षर बन्ने सौभाग्य प्रदान गर्न सक्दछ भनी उल्लेख गरेको पाइन्छ ।

आचार्य (२०६६) ले तेह्रथुम जिल्लाको प्राथमिक तहमा विद्यालय छोड्ने अवस्था सम्बन्ध गरिएको अध्ययनमा सन् २००६ सम्म प्राथमिक तह पूरा गर्न दर ५०६ भने कक्षा ५ सम्म निरन्तरता दर ७६.६ रहेको छ (साक्षरता विशेषाङ्क, २०६२) । शिक्षा आयोगको प्रतिवेदन २०५५ अनुसार नवौं योजनाको अन्त्यसम्म प्राथमिक तहको खुद भर्नादर ९० र दशौं योजनाको अन्त्यसम्म उक्त दरलाई १०० पुर्‍याउने लक्ष्य लिइएको छ । सन् २००९ सम्म प्राथमिक तह कक्षा १ मा कक्षा छाड्ने दरलाई १० मा सीमित गर्ने र कक्षा ५ मा यो दर ३ मा कायम राख्ने (School Level Education Statistics, 2055) लक्ष्य लिइएको पाइन्छ । तेह्रथुम जिल्लामा पनि प्राथमिक तहमा कक्षा १ मा कक्षा छाड्नेदर र ३८ प्रतिशत रहेको छ भने कक्षा ५ मा कक्षा छाड्ने दर १३.१८ प्रतिशत रहेको पाइन्छ । (Status Report, 2064/65 Tehrathum)

**प्राथमिक तहमा शैक्षिक सहभागिता सम्बन्धी अध्ययन**

अधिकारी (२०६३) ले प्राथमिक विद्यालय जाने तामाङ्ग बालबालिकाको सहभागिता सम्बन्धी अध्ययनमा तामाङ्ग छात्रछात्रा अन्य छात्रछात्रा तुलनामा कम सहभागिता भएको पत्ता लगाएकी छन् । उनले प्राथमिक विद्यालयमा तामाङ्ग बलाबालिकाको कक्षा, कक्षा छाड्ने, कक्षा दोहोर्‍याउने स्थिति अन्य जातिको तुलनामा निकै बढी रहेको साथै त्यस्तो हुनका कारणहरुमा जातिगत अन्ध विश्वास, घरमा शैक्षिक वातावरण नहुनु, आर्थिक कारण, सामाजिक कारण, परीक्षामा बारम्बार असफलता, छोराछोरीमा भेदभाव, विद्यालय समय नमिलेर आदि पत्ता लगाएकी छन् । तामाङ्ग बालबालिकाहरुलाई शिक्षामा बढी

सहभागी गराउने उपायहरुमा आर्थिक सहयोग गर्नुपर्ने, अभिभावकहरुमा जनचेतना जगाउनुपर्ने, मातृभाषामा शिक्षाको व्यवस्था, छात्रवृत्तिको व्यवस्था, पोशाकको व्यवस्था, गाउँमा शिशु स्याहार केन्द्रको स्थापना गर्नुपर्ने आदि खोजी गरेकी थिइन् ।


मरहट्टा (२०६१) ले कुमाल जातिमा छात्राहरुको प्राथमिक विद्यालयमा सहभागिताको स्थितिको अध्ययन गरेको थियो । जसमा छात्राहरुलाई पनि छात्र सरह विद्यालय पठाउनुपर्ने कुरामा जोड दिइएको छ । छात्राहरुलाई विद्यालय जानका लागि बाधक रहेका तत्वहरुको पहिचान गरी समस्या समाधानका उपायहरु र जातिगत अन्धविश्वास हटाउनु पर्ने कुमाल जातिका लागि लघु परियोजना सञ्चालन गर्नुपर्ने छात्रछात्रालाई अनिवार्य रुपमा छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, बालविवाह हटाउनु पर्ने कुरा उल्लेख गरिएको छ ।

माथिको अध्ययनवाट जनजातिहरुको बारेमा विभिन्न अध्ययनहरु भएका छन् । जस अर्न्तगत प्राथमिक विद्यालय जाने तामाङ्ग वालवालिकाको सहभागीता, कुमाल छात्राहरुको प्राथमिक विद्यालयमा सहभागीता सम्बन्धि अध्ययन पनि हेरिएको थियो । जुन अन्य विभिन्न जातजातिहरुको वारेमा गरिएको अध्ययनबाट मेरो अध्ययनको शिर्षकमा पनि सहयोग मिल्न सक्ने हिसावले उक्त अध्ययनहरुको पुनरावलोकन गरिएको थियो किनकि उक्त शिर्षकमा भएका उदेश्यहरु मेरो अध्ययनमा राखेका उदेश्यसँग मिल्ने भएकाले अन्य जातिको सहभागीता जस्तै लिम्बू वालवालिकाको पनि प्राथमिक विद्यालयमा सहभागीताको स्थिति थाहा पाई उक्त अध्ययन गर्ने विधिको समेत जानकार भई अन्य जातिसँगको सहभागीतामा समेत तुलना गर्न सहयोग पुग्ने देखिन्छ ।

## २.३ अवधाराणात्मक ढाँचा

प्राथमिक विद्यालय तहमा लिम्बू जातिको शैक्षिक सहभागीता विषयमा गरिने अनुसन्धानात्मक अध्ययन निम्नलिखित अवधाराणात्मक ढाचाँमा आधारीत हुनेछ ।

प्राथमिक तहमा लिम्बू जातिको शैक्षिक सहभागिता गरिएको अनुसन्धानात्मक अध्ययन निम्नलिखित अवधारणात्मक ढाँचामा आधारित छ :-




उपरोक्त ढाँचा उल्लेख भए अनुसार यस अध्ययनमा सम्मिलित तेह्रथुम जिल्ला अन्तर्गतका सोल्मा र सुङ्नाम गा.वि.स. मा पर्ने लिम्बू समूदायका बालबालिकाहरुको भर्ना स्थिति, कक्षा दोहोऱ्याउने र छाड्ने अवस्थाको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गर्नको लागि उक्त जातिको विद्यालय शिक्षा सहभागि हेर्नको लागि विद्यालयको दस्तावेज, हाजिरी खाता, भर्ना र कक्षा अवलोकनकलाई हेरिएको थियो भने छोड्ने र दोहोऱ्याउने कारण पत्ता लगाउनका लागि विभिन्न व्यक्तिहरु सँग अर्न्तवार्ता गरी त्यसैको आधारमा समस्या र समाधानका उपायहरु समेत प्राप्त गर्न र यस अध्ययनले राखेका उद्देश्यहरु पूरा गर्ने हिसाबले यस अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ ।

# अध्याय तिन

## अध्ययन विधि

अनुसन्धान कार्य एक जटिल काम भएको हुनाले यसका लागि निश्चित तौरतरिका र मापदण्ड अपनाई त्यसैको सेरोफेरोमा रही कार्य सञ्चालन गर्नुपर्ने हुन्छ । अध्ययनविधि विनाको शोध कार्य निश्चित गन्तव्यमा पुग्न सक्दैन "प्राथमिक तहमा लिम्बू जातिको शैक्षिक सहभागीता" भन्ने शीर्षकमा गरिएको यस अध्ययन कार्यमा निम्नानुसार स्रोत, साधन, तौर तरिका तथा विधि प्रयोग गरिएको थियो । यस अध्ययनमा गुणात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । गुणात्मक अनुसन्धानद्वारा कुनै घटना प्रक्रिया वा क्रियाकलाप वा क्रियाकलापको यथार्थ अवस्थामा अध्ययन गरिन्छ । यस्तो अध्ययनबाट प्राप्त तथ्याङ्कहरु शाब्दिक र विवरणात्मक हुन्छन् । अध्ययन विधिको निर्धारण अध्ययनको उद्देश्य विषयवस्तुको प्रकृति तथा अनुसन्धानको प्रकृतिमा भर पर्छ । अनुसन्धानको क्षेत्रमा अध्ययनविधिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । जसले अध्ययनको उद्देश्य प्राप्तिमा सहयोग गर्ने कार्य गर्दछ । यस अध्ययनमा अनुसन्धानात्मक ढाँचा, अध्ययनको जनसंख्या नमूना छनोट, क्षेत्र छनोट, सूचना संकलनका साधनहरु, सूचना संकलन प्रक्रिया र विश्लेषण प्रक्रिया जस्ता पक्षहरुलाई समावेश गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचा तथ्याङ्कको संकलन, मापन र विश्लेषण गर्ने पद्धतिको योजना एवं खाका हो (Cothari, 1985) । माथि उल्लेखित परिभाषा अनुसार अनुसन्धान ढाँचालाई एउटा नक्शासँग तुलना गर्न सकिन्छ । यस अनुसन्धानको क्रममा लिम्बू जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिताको अवस्था पहिचान गर्ने, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने कारणहरु पत्ता लगाउनलाई आधार मानि समस्याको सम्पूर्ण विषयवस्तुलाई गुणात्मक विधिद्वारा अध्ययन गरिएको थियो ।

गुणात्मक अनुसन्धान विधि भनेको कुनै अवस्था घटना प्रक्रिया तथा समस्याहरुको अध्ययन गर्ने उद्देश्यले मापन गरिएका वा शाब्दिक रुपमा संकलन गरिएका असाख्यिक तथ्याङ्कहरुलाई तार्कीक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुगिने विधि हो । गुणात्मक अनुसन्धानमा मुख्यतयाः निम्नलिखित विधिद्वारा तथ्याङ्क संकलन गरिन्छ । जस्तै गहिरो र खुल्ला अन्तरवार्ता, प्रत्यक्ष अवलोकन, लिखित दस्तावेज पर्दछन् । लिम्बू जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिताको अवस्था थाहा पाउन मैले यस अध्ययनमा गुणात्मक विधिको प्रयोग गरेको छु ।

### ३.२ जनसंख्या

कुनै निश्चित स्थान, सीमा भित्र बसोबास गर्ने मानिसहरुको समूहलाई जनसंख्या भनिन्छ । जस्तै हाम्रो देश नेपालभित्र बसोबास गर्ने मानिसहरुको संख्या नै जनसंख्या हो । जनसंख्या संकुचित अर्थमा भन्नुपर्दा औपचारिक जनसंख्या भनिन्छ । जनसंख्या भनेको मानव जनसंख्याको वैज्ञानिक ढंगले अध्ययन

गर्ने विषय हो जस अन्तरगत मूख्यतया जनसंख्याको आकार, संरचना वितरण र विकासको व्यवस्थित ढंगले अध्ययन गरिन्छ ।

यस अध्ययनका लागि तेह्थुम जिल्लाको सोल्मा गा.वि.स र सुङ्नाम गा. वि.स . अन्तरगतका लिम्बू जातिका बालबालिकाहरुको अध्ययन गर्ने सामुदायिक विद्यालयका प्र.अ., अध्ययनरत शिक्षक, सामुदायिक तथा प्राथमिक तहका  लिम्बू विद्यार्थीहरु, लिम्बू अभिभावक, समाजसेवी, शिक्षा प्रेमिहरुलाई यस अध्ययनको जनसंख्याको रुपमा लिएको छ ।

### ३.३ नमूना छनौट

नमूना छनौट भन्नाले सामान्यतया सम्पूर्ण जनसंख्यामा केही प्रतिनिधि जनसंख्या छानी त्यसलाई सामान्यिकरण गरेर सम्पूर्ण जनसंख्याको विशेषताको जानकारी लिने प्रक्रियालाई नमूना छनौट भनिन्छ । अर्को तरिकाले भन्नुपर्दा सम्पूर्ण जनसंख्या मध्येबाट केही जनसंख्या वा घरपरिवारलाई छानेर तिनीहरुको मात्र विवरण संकलन गर्ने र संकलित विवरणको विशेषतालाई पूरै जनसंख्याको विशेषताको रुपमा प्रस्तुत गरिने कार्य नै नमूना छनौट हो । यसरी नमूना छनौट गरिसकेपछि सम्बन्धित अध्ययनको उद्देश्य पूरा गर्नका लागि नमूना छनौट गरिने छ । यस अध्ययन कार्यको लागि तेह्थुम जिल्लाको सोल्मा गा.वि.स र सुङ्नाम गा. वि.स अन्तरगतका सामुदायिक, माध्यमिक र प्राथमिक विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावक, शिक्षाप्रेमि र समाजसेवीहरुलाई नमूनाको रुपमा छनोट गरिएको थियो ।

नमूना छनौट दुई प्रकारका छन् जस्तै सम्भावनायुक्त नमूना छनौट विधि र सम्भावना रहित नमूना  छनौट । त्यसमध्येबाट यस अध्ययनमा मैले सम्भावना रहित नमूना छनौट अन्तर्गतको उद्देश्यपूर्ण नमूना छनौटका आधारमा नमूनाको छनौट गरिएको थियो ।

#### ३.३.१ विद्यालय छनौट

विद्यालय छनौट भन्नाले सम्बन्धित क्षेत्रका विद्यालयहरुबाट केही विद्यालयलाई छानेर तिनीहरुको मात्र विवरण संकलन गर्ने र संकलित विवरणको विशेषतालाई पूरै विद्यालयको विशेषताको रुपमा प्रस्तुत गर्ने कार्य नै विद्यालय छनौट हो । विद्यालय छनौट गर्दा अध्ययनको उद्देश्य प्राप्तिका लागि सहज होस् र सम्बन्धित विधिद्वारा विद्यालयको छनौट गरिएको छ र विद्यालय छनौट गर्दा भौगोलिक निर्कतताको र लिम्बू बालबालिकाको जनघनत्व बढी भएको आधारमा गरिएको थियो । यस अध्ययनका लागि तेह्थुम जिल्लाको सोल्मा गा.वि.स र सुङ्नाम गा. वि.स लिम्बू जातिका वालवालिकाहरुले अध्ययन गर्ने समुदायको मा.वि. र प्रा.वि. छनौट गरिएको थियो । जसको नाम तल उल्लेख गरिएको छ ।

#### ३.३.२ शिक्षक शिक्षिका छनौट

शिक्षक शिक्षिका भनेका विद्यार्थीहरुलाई ज्ञान दिने सिकाउने व्यक्तिहरुलाई शिक्षक शिक्षिका भनिन्छ । अध्ययनलाई आवश्यक तथ्याङ्क संकलन गर्न र उद्देश्य पूरा गर्न शिक्षक शिक्षिकाको छनौट गरिन्छ । यसरी छनौट गरिएका अध्ययनको उद्देश्य, सम्बन्धित विषयवस्तुलाई सहज बनाउन शिक्षक

शिक्षिकाहरुलाई सूचना स्रोतको रुपमा रुपमा छनौट गरिएको थियो । अध्ययन क्षेत्रमा रहेका लिम्बू समुदायका बालबालिकाहरु अध्ययन गर्ने सोल्मा गा.वि.स र सुङ्नाम गा. वि.स.का ४ वटा सामुदायिक प्राथमिक विद्यालयबाट प्र.अ. र प्रत्येक विद्यालयबाट ३/३ जना शिक्षक शिक्षिका गरी जम्मा १२ जना शिक्षक-शिक्षिकाहरु समान सम्भावनायुक्त विधिको प्रयोग गरी शिक्षक शिक्षिकाको छनौट गरिएको थियो ।

### ३.३.३ अभिभावक छनौट

अभिभावक भनेका सम्बन्धित विद्यार्थीका बाबुआमालाई भन्ने गरिन्छ । अभिभावकले नै आफ्ना बालबालिकाहरुको यथार्थ रुपमा बानी व्यवहार थाहा हुने भएकाले र उनीहरुको समस्याहरु के-के छन् भनी आफै नै थाहा हुने भएकाले अध्ययनलाई सहज गराउन सहज हुने भएकोले अभिभावक छनौट गरिन्छ । यो अध्ययनको उद्देश्य पूरा गर्न र अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्न अभिभावक छनौट गरिएको छ । यस अध्ययनका लागि लिम्बू समुदायका बालबालिकाहरु अध्ययन गर्ने सामुदायिक/प्राथमिक विद्यालय मध्ये नमूना छनौटमा पर्ने प्रत्येक विद्यालयबाट ४/४ जना गरी जम्मा १६ जना लिम्बू अभिभावकहरुलाई उद्देश्यमूलक नमूना छनौट विधिद्वारा छनौट गरिएको थियो ।

### ३.३.४ विद्यार्थी छनौट

विद्यार्थी छनौट भनेको सम्पूर्ण विद्यार्थी वा लिम्बू जातिका सम्पूर्ण विद्यार्थीहरुमध्येबाट केही विद्यार्थीहरुलाई उद्देश्यमूलक नमूना छनौटका आधारमा विद्यार्थी छनौट गरिएको थियो  जसलाई विद्यार्थी छनौट भनिन्छ । यसरी विद्यार्थी छनौट गर्दा अध्ययनको उद्देश्यलाई सहज हुने भएकाले विद्यार्थी छनौट गर्ने गरिन्छ । यसरी छनौट गरिसकेपछि सम्बन्धित जातिको बारेमा अध्ययन गर्नका लागि विद्यार्थी छनौट गरिन्छ । यस अध्ययनका लागि अध्ययन क्षेत्रभित्र रहेक लिम्बू  जातिका बालबालिकाहरु अध्ययन गर्ने सामुदायिक/प्राथमिक विद्यालयहरुमध्ये बाट प्रत्येक विद्यालयबाट कक्षा ५ बाट २, कक्षा ४ बाट २, कक्षा ३ बाट १ जना गोला प्रथा लिम्बू बालबालिकाहरु गरी जम्मा २० जना लिम्बू जातिका बालबालिकाहरु नमुनाको रुपमा उद्देश्यमूलक नमूना विधिको आधारमा विद्यार्थीको छनौट गरिएको थियो ।

### ३.३.५ शिक्षाप्रेमि तथा समाजसेवी छनौट

शिक्षाप्रेमि तथा समाजसेवी भनेका शिक्षालाई सहज रुपमा सञ्चालन गर्न सहयोग गर्ने समाजका प्रतिष्ठित व्यक्तिहरुलाई जनाउँदछ । यस्ता व्यक्तिले आफ्नो गाऊँ क्षेत्रलाई कसरी शिक्षालाई सस्तो, राम्रो बनाउन सकिन्छ भनि योगदान पुऱ्याउने व्यक्तिलाई शिक्षाप्रेमि र समाजसेवी  अध्ययन गर्ने सामुदायिक प्राथमिक क्षेत्रबाट प्र.अ.को सहयोगमा २/२ जना गरी जम्मा ८ जना शिक्षाप्रेमि तथा समाजसेवीहरुलाई सुविधाजनक नमूना छनौट विधिद्वारा छनौट गरिएको थियो र उद्देश्यमूलक नमूना छनौट विधिद्वारा शिक्षाप्रेमि तथा समाजसेवी छनौट गरिएको थियो ।

### ३.४ तथ्याङ्क संकलनका स्रोतहरु

अनुसन्धानका क्रममा प्रयोग गरिने सूचना तथा प्रमाणपत्र, जानकारी तथा आँकडाहरुलाई तथ्याङ्क भनिन्छ । अनुसन्धानमा परिकल्पनालाई परीक्षण गर्न तथा अनुसन्धानलाई उद्देश्यमूलक बनाउनका लागि तथ्याङ्कको प्रयोग गरिन्छ । अध्ययनलाई पूरा गर्न आवश्यक पर्ने कच्चा पदार्थलाई तथ्याङ्क भन्न सकिन्छ । तथ्याङ्क नै अनुसन्धानको आधार भएकाले यसको अभावमा कुनै पनि अनुसन्धान पूरा गर्न सकिदैन । त्यसैले यस अध्ययनलाई पूरा गर्न प्राथमिक तथ्याङ्क र सहायक तथ्याङ्कहरु लिइने गरिन्छ र "लिम्बू जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता" एक अध्ययनका लागि प्राथमिक र सहायक दुवै तथ्याङ्क स्रोतहरुको प्रयोग गरिएको छ । जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ३.४.१ प्राथमिक तथ्याङ्क स्रोत

अनुसन्धानकर्ताद्वारा पहिलो पटक संकलन र प्रयोग गरिएका तथ्याङ्कहरु प्राथमिक स्रोत अन्तरगत पर्दछन् । यस विधिमा अनुसन्धानकर्ताद्वारा प्रश्नावली, अवलोकन, अन्तरवार्ता आदी माध्यमद्वारा तथ्याङ्क संकलन गरिन्छ । प्राथमिक तथ्याङ्क प्राप्त गर्न विभिन्न स्रोतहरु छन् जस्तै प्रत्यक्ष अवलोकन, अन्तरवार्ता, प्रश्नावली, घटना अध्ययन पर्दछन् र यस अध्ययनको लागि मैले अवलोकन अन्तरवार्ता, प्रश्नाहरु प्रयोग गरिएको छ । कुनै पनि विषयमा अध्ययन गर्दा अध्ययनकर्ताले सम्बन्धित क्षेत्रमा संलग्न भएर पहिलोपटक संकलित तथ्याङ्कहरुलाई प्राथमिक तथ्याङ्क भनिन्छ । यसमा अन्रवार्ता प्रश्नावली, प्रत्यक्ष भेटघाट आदि साधनहरुबाट प्राप्त तथ्याङ्कलाई प्राथमिक तथ्याङ्कको रुपमा लिएको छ ।

### ३.४.२ सहायक तथ्याङ्क

अनुसन्धान एक व्यवस्थित र जटिल कार्य हो । कतिपय अनुसन्धानहरु प्राथमिक स्रोतहरुको आधारमा मात्र पूरा गर्न सम्भव हुँदैन । कतिपय अवस्थामा प्राथमिक स्रोतबाट सही तथ्याङ्क संकलन नहुन पनि सक्छ । यस्तो अवस्थामा सहायक स्रोतको प्रयोग गर्न आवश्यक हुने गर्दछ । अनुसन्धानको क्रममा पूर्व-प्रकाशित तथा संकलित तथ्याङ्कलाई सहायक स्रोत भनिन्छ । अर्को शब्दमा भन्दा पहिले नै भए गरेका अनुसन्धान प्रकाशन दस्तावेज इत्यादी सहायक स्रोतहरु हुन् । सहायक स्रोत अन्तरगत निम्न स्रोत पर्दछन् । जस्तै व्यक्तिगत दस्तावेज, सार्वजनिक दस्तावेज हुन्छन् र यस अध्ययनका लागि सार्वजनिक दस्तावेज प्रयोग गरिएको छ । तथ्याङ्कको सहायक स्रोतका रुपमा अनुसन्धान विषयसँग सम्बन्धित अभिलेख, भर्ना स्थिति, विद्यार्थीको मूल्याङ्कन, रजिस्टर आदिको अध्ययन गरी आवश्यक सूचना संकलन गरिएको थियो ।

### ३.५ तथ्याङ्क संकलनका साधनहरुको निर्माण

तथ्याङ्क संकलन अन्तरगत पहिलो कार्य नै तथ्याङ्क संकलन गर्नु हो । उपयुक्त जनसंख्याको चयन गरी, विश्वसनीय साधनहरुद्वारा वैद्य तथ्याङ्क संकलन गर्ने विधि तथा प्रक्रिया नै तथ्याङ्क हो । यस अध्ययनका लागि "प्राथमिक तहमा लिम्बू जातिको शैक्षिक सहभागीता" शीर्षकमा शोधकार्यको तथ्याङ्क

संकलन गर्न प्राथमिक कक्षाका लिम्बू बालबालिकाहरुको सहभागिताको स्थिति के-कस्तो छ ? विद्यार्थीहरुको उत्तिर्ण प्रतिशत दर के छ ? विद्यार्थीहरुले विद्यालय छाड्नुको कारण के हो ? जस्ता समस्याको पहिचान तथा सूचना संकलन गर्न निम्नलिखित साधनहरुको निर्माण गरिएको थियो ।

### ३.५.१ विद्यार्थीहरुको अभिलेख विवरणको फारम

प्राथमिक विद्यालय तहमा जाने उमेरका लिम्बू समूदायका बालबालिकाको विद्यालयको शैक्षिक स्थिति पहिचान गर्न उनीहरुको जम्मा संख्या, विद्यालय भर्ना, कक्षा छोड्ने र दोहोर्‍याउने विद्यार्थी संख्या आदि सूचनाहरु संकलन गर्न विद्यार्थी अभिलेख फारम निर्माण गरिएको थियो ।

### ३.५.२ कक्षा अवलोकन फारम

शैक्षिक अनुसन्धानका धेरैजसो प्रयोगहरु कक्षाकोठामा हुने गर्दछन् । शैक्षिक उद्देश्यका परिपूर्ति कक्षा शिक्षणको प्रभावकारी उपयोगबाट मात्रै सम्भव हुने भएकाले शिक्षामा गरिएका लगानीहरुको प्रभावकारिता परिचालनका लागि गरिने अध्ययन अनुसन्धानले विद्यालय र कक्षाकोठाको अवलोकनमा बढी जोड दिन्छन् । अवलोकनका विभिन्न प्रकारहरु छन् जस्तै : अनियन्त्रित अवलोकन, नियन्त्रित अवलोकन, सामूहिक अवलोकन हुन्छन् र यस अध्ययनका लागि मैले अनियन्त्रित अवलोकन विधिको प्रयोग गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ । अनियन्त्रित अवलोकन विधिमा सहभागितामूलक अनियन्त्रित अवलोकन, असहभागितामूलक अनियन्त्रित अवलोकनलाई लिइएको छ । किनभन्दा अवलोकनकर्ताद्वारा अवलोकन गरिने विषयवस्तुको गतिविधिमा स्वयं प्रत्यक्ष संलग्न भई गरिने अवलोकनलाई सहभागितामूलक अनियन्त्रित अवलोकन भनिन्छ । अवलोकनकर्ता समूहको क्रियाकलापमा सहभागी नभई परैबाट तिनीहरुलार्य अवलोकन गर्ने विधि नै असहभागितामूलक अवलोकन हो । त्यसैले यस अध्ययनको उद्देश्य पूरा गर्नका लागि सूचना संकलन गर्नका लागि कक्षा अवलोकन गरी असहभागितामूलक अवलोकन फारम निर्माण गरिएको थियो ।

प्राथमिक कक्षाहरुमा लिम्बू छात्रछात्राहरुको उपस्थिति, कक्षामा सक्रियता, कक्षाकार्य र गृहकार्य शैक्षिक सामग्रीको प्रयोग गरे नगरेको, छलफल, अनुशासन र सरसफाई जस्ता विषयमा जानकारी लिनका लागि कक्षा अवलोकन फारमको निर्माण गरिएको थियो । जसलाई अनुसुची ५ मा राखिएको छ ।

### ५.३.३ शिक्षक र प्र.अ.का लागि अन्तरवार्ता

शैक्षिक क्षेत्रमा गरिने अनुसन्धानमा प्राथमिक तथ्याङ्क संकलन गर्ने विधिहरुमध्ये अन्तरवार्ता एक प्रमुख विधि हो । यस्तो विधिमा अनुसन्धानकर्ताले सम्बन्धित शिक्षकलाई अन्तरवार्ता लिई आवश्यक तथ्याङ्क संकलन गरिन्छ । यस्तो अन्तरवार्ता पूर्व तयारीका साथ गरिएको हुँदैन । अनुसन्धानकर्ताले चाहिने तथ्याङ्कका आधारमा अन्तरवार्ता लिने गर्दछ र त्यसैले यस अध्ययनलाई सहज बनाउन र सूचना संकलन गर्न असंरचित अन्तरवार्ता निर्माण गरिएको छ । शिक्षक शिक्षिकाहरुबाट लिम्बू जातिका बालबालिकाको भर्ना, शैक्षिक उपलब्धी, विद्यालय छाड्ने, कक्षा दोहोर्‍याउने, अभिभावकको शिक्षाप्रतिको धारणा, गृहकार्य

आदि तथ्याङ्क संकलन गर्न अन्तरवार्ता निर्माण गरिएको थियो । जसलाई अनुसूची ६ र ७ मा राखिएको छ ।

### ३.५.४ विद्यार्थीहरुका लागि अन्तरवार्ता

लिम्बू समूदायका बालबालिकाहरुको शिक्षाप्रतिको रुचि, अवधारणा, चाहना, विद्यालय सहभागितामा आइपरेका समस्या, घरमा पढ्ने वातावरण, पढाइप्रतिको प्रेरणा, कक्षा छोड्ने तथा दोहोऱ्याउने कारणहरुप्रति अभिमत बुझ्नका लागि विद्यार्थीका लागि अन्तरवार्ता लिइएको छ र यस अध्ययनका लागि लिम्बू जातिका बालबालिकाहरुका लागि असंरचित अन्तरवार्ता लिइएको छ र प्रत्येक विद्यालयबाट २ जनाको समूह बनाई लक्षित समूह छलफल गरिएको थियो । जसलाई अनुसूची ८ मा राखिएको छ ।

### ३.५.५ अभिभावकहरुका लागि अन्तरवार्ता

लिम्बू समूदायका बालबालिकाहरुको शिक्षाप्रतिको धारणा, विद्यार्थीहरुको विद्यालयमा उपस्थिति नियमित नहुनु, कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने, घरमा पढ्ने वातावरण दिने वा नदिने, घरमा गृहकार्य गर्ने नगर्ने, पढाइप्रतिको चासो आदि कुराहरु पत्ता लगाउन अभिभावकहरुका लागि अन्तरवार्ता गर्न असंरचित अन्तरवार्ता निर्माण गरिएको थियो । जसलाई अनुसूची ९ मा राखिएको छ ।

### ३.५.६ शिक्षाप्रेमी तथा समाजसेवीहरुका लागि अन्तरवार्ता

लिम्बू समुदायमा शिक्षाप्रतिको दृष्टिकोण, विद्यालय स्थापना र संचालनका लागि गरिएका पहल, लिम्बू छात्रछात्राहरुको सहभागितामा वृद्धि गराउनका लागि स्थानीय स्तरबाट गर्नुपर्ने सहयोग आदिका बारेमा आवश्यक तथ्याङ्क संकलन गर्नका लागि शिक्षाप्रेमि तथा समाजसेवीहरुको लागि असंरचित अन्तरवार्ता निर्माण गरिएको थियो । जसलाई अनुसूची १० मा राखिएको छ ।

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलन प्रक्रिया यस प्रकार गरिएको थियो । जसमा उक्त २ वटा गा.वि.स.मा रहेका लिम्बू जम्मा ९१ समूदायका घरको सर्वेक्षण गरिएको थियो । त्यसपछि विभागको पत्रको माध्यमबाट छनौटमा परेका ४ वटा विद्यालयको प्रशासनमा बुझाइएको थियो । त्यसपछि प्र.अ. र प्रशासनको समय प्राप्त पश्चात उक्त विद्यालयहरुमा रहेको कक्षा १ देखि ५ सम्मको विद्यार्थी अभिलेख हेरियो । त्यसपछि उक्त विद्यालयमा रहेका प्र.अ. र शिक्षकहरु सँग आफूले बनाएर लगेको अर्न्तवार्ता मार्फत सूचना संकलन गरियो । त्यसपछि उक्त १-५ मध्येका कुनै पनि कक्षाको अवलोकन समेत गरी साथै त्यसै विद्यालयमा अध्ययनरत ३,४,५ का नमूना छनौटमा परेका विद्यार्थीहरु सँग पनि छलफल गरियो र तिनै विद्यार्थीहरुको सहयोगमा उक्त छनौटमा परेका अभिभावकको जानकारी लिइ घरमा गएर तथ्याङ्क लिइयो र अन्त्यमा समाजसेवीलाई विद्यालयको प्र.अ.को माध्यमबाट सहयोग लिएर तथ्याङ्क संकलन प्रक्रिया एवं प्रकारले ४ वटै विद्यालयमा गरिएको थियो ।

### ३.७ तथ्याङ्क विश्लेषण र व्याख्या विधि

यस अध्ययनमा तोकिएका विद्यालयको कक्षा १-५ सम्म अर्थात प्राथमिक तहमा अध्ययनरत लिम्बू र अन्य जातिको शैक्षिक सहभागिताको अवस्था थाहा पाउन प्राप्त गरेका सूचनालाई सहि तरिकाले प्रस्तुत गर्न, सम्पादन गर्न र विश्लेषण गर्नका लागि सम्बन्धित क्षेत्रबाट आएको सूचनाको आधारमा हरेक कुरालाई ध्यान दिएर शोधपत्र निर्देशकको सल्लाह बमोजिम आवश्यक परेको शीर्षक उपशीर्षक राखी परिच्छेद चारमा विश्लेषण र व्याख्या गरिएको छ । यस प्रक्रियामा गुणात्मक र परिणात्मक दुवै प्रकारले विश्लेषण र व्याख्या गरिएको छ । छनौटमा परेका क्षेत्रहरुमा गरिएको सर्वेक्षणबाट विभिन्न सूचना तथा तथ्याङ्क प्राप्त गरियो र उक्त सूचना तथा तथ्याङ्कहरुलाई तालिकामा प्रस्तुत गरियो र कतिपय स्तम्भ चित्र, बृत चित्र प्रस्तुत गरि विश्लेषणात्मक ढंगले प्रस्तुत गरिएको तालिका बृत चित्र र स्तम्भ चित्रलाई अध्ययनको उद्देश्यलाई समेट्ने गरी गुणात्मक रुपमा ब्याख्या गरिएको छ ।

## अध्याय चार

## तथ्याङ्कको व्याख्या र विश्लेषण

"प्राथमिक तहमा लिम्बू समूदायको शैक्षिक सहभागिता" शीर्षकको एक अध्ययनको क्रममा तेह्रथुम जिल्लाको सोल्मा र सुङ्नाम गा.वि.स. भित्रका लिम्बू समुदायका बालबालिकाहरु अध्ययन गर्ने सामुदायक प्राथमिक विद्यालयहरुमध्ये ४ वटा प्राथमिक विद्यालयको प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाको शैक्षिक सहभागिताका र कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने, उत्तीर्ण/अनुत्तीर्ण दरको स्थिति पत्ता लगाउनुका साथै कक्षा छोड्ने, दोहोऱ्याउने र विद्यालय नजानुका कारणहरुसँग सम्बन्धित रहेर यो अध्ययन गरिएको छ । यस अध्ययनमा विद्यालयको अभिलेख फारम, स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालयबाट प्राप्त जानकारी, सम्बन्धित विद्यालयका प्र.अ., कक्षा शिक्षक तथा शिक्षिका, लिम्बू बालबालिकाहरु र अभिभावकहरुले दिएको जानकारी तथा विद्यालय अभिलेखलाई तथ्याङ्कको विश्लेषण र विवेचनामा प्रस्तुतीकरण गरिएको छ । प्राथमिक तहमा लिम्बू बालबालिकाहरुको विद्यालयीय शिक्षामा सहभागीताको स्थिति पहिचान गर्नका लागि लिम्बू र गैर लिम्बू विद्यार्थीहरुको संख्या, केटाकेटीको भर्ना विवरण र उपस्थितिलाई मूख्य आधारको रुपमा लिइएको छ ।

### ४.१ लिम्बू समूदायका बालबालिकाहरुको प्राथमिक विद्यालयहरुमा सहभागिताको स्थिति

यस अध्ययनमा लिम्बू जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिताको स्थिति अन्तरगत भर्ना स्थिति, कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने, उत्तिर्ण, अनुत्तिर्ण अवस्थालाई व्याख्या एवं विश्लेषण गरिएको छ ।

### ४.१.१ अध्ययन क्षेत्रमा अवस्थित लिम्बू समूदायको जनसंख्या

प्राथमिक तहमा लिम्बू समूदायको शैक्षिक सहभागिको अध्ययनको लागि तेह्रथुम जिल्लाको सोल्मा र सुङ्नाम गा.वि.स.का ४ वटा विद्यालयलाई अध्ययनको क्षेत्रको रुपमा लिएको थिए । जसको लागि उक्त विद्यालयमा अध्ययन गर्न आउने लिम्बू समूदायको बालबालिकाको जनसंख्या थाहा पाउन उक्त समूदायका सम्पूर्ण व्यक्तिको जनसंख्या थाहा पाउन घरधुरी सर्वेक्षण गर्न जरुरी हुन्छ । यसर्थ मैले उक्त अध्ययन क्षेत्रमा रहेको लिम्बू समूदायको सर्वेक्षण गर्दा सोल्मा गा.वि.स.मा ४२ घरधुरी रहेको पाए र उक्त घरधुरीको आधारमा त्यहाँ रहेको जनसंख्यालाई १/१ गरी राख्न गाह्रो हुने भएकोले विभिन्न उमेर समूहमा विभाजन गरी तथ्याङ्क संकलन गरेको थिए । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१**

**अध्ययन क्षेत्रमा अवस्थित लिम्बू समुदायको जनसंख्या विवरण**

| उमेर समूह | केटा | केटी | जम्मा |
|---|---|---|---|
| ५ वर्ष र त्यो भन्दा कम | ३१(४४.९२%) | ३८(५५.०७%) | ६९ |
| ५-१५ वर्ष सम्म | १३०(५४.६२%) | १०८(४५.३०%) | २३८ |
| १५-६० वर्ष सम्म | ७८(४६.७०%) | ८९(५३.२९%) | १६७ |
| ६०+ | ३४(३७.१७%) | ६०(६३.२९%) | ९४ |
| जम्मा | २७३(४८.०६%) | २९५(५१.९५%) | ५६८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिकालाई अध्ययन गर्दा उक्त अध्ययन क्षेत्रका ९१ घरधुरीको सर्वेक्षण गरिएको थियो । जसमा ५ वर्ष मुनिका बालबालिकाको संख्यामा केटा ३१ र केटी ३८ गरी जम्मा ६९ रहेको छ । ५-१५ वर्ष उमेर समूहको जनसंख्यामा केटा १३० र केटी १०८ गरी २३८ रहेको थियो । त्यस्तै १५-६० वर्ष उमेर समूहमा केटा ७८ र केटी ८९ गरी जम्मा १६७ छ भने ६०+ माथिको जनसंख्या ९४६ जसमा पुरुषको संख्या ३४ र महिलाको ६० रहेको पाइयो । यस तथ्याङ्कलाई हेर्दा उक्त क्षेत्रमा रहेका लिम्बू समूदायका अधिकांश उमेर समूहमा केटाको भन्दा केटीको संख्या बढी रहेको देखिन्छ जुन हुनुमा छोराप्रतिको चाहना बढी हुनु साथै सानै उमेरमा वा बृद्ध भए पश्चात पनि छोराको संख्यामा बढी मृत्यु भएको देखिन्छ ।

त्यस्तैगरी मैले मेरो अध्ययन गर्ने विद्यालय जाने उमेर समूहको लिम्बू बालबालिकाको जनसंख्याको विद्यालयमा भर्ना कस्तौ छ ? कति छ भनेर विद्यार्थी विद्यालयमा आएका छैनन् भनेर बुझ्न आवश्यक हुन्छ । जस अनुरुप उक्त समूदायमा विद्यालय उमेर समूह ५-१५ मा जम्मा २३८ जना बालबालिका रहेका छन् । जसमा १३० अर्थात ५४.६२% केटा र १०८ (५४.३७%) केटी विद्यालय उमेरमा रहेकामा उक्त अध्त्तययनरत विद्यालयमा भने भर्ना भएको लिम्बू समूदायको संख्यालाई हेर्दा १२५ (५२.२५%) केटा र ९० (३७.८१%) केटी रहेका छन् । यसलाई हेर्दा विद्यालयीय जाने उमेरको जम्मा १०% जनसंख्या चाहि उक्त गा.वि.स. मा भएका विद्यालयमा मात्रामा गएका साथै केही माथिल्लो तहमा पनि पढ्दै गएको देखिन्छ भने केही विद्यालयमानै भर्ना नभएका भएर पनि बिचैमा पढ्न छोडेको पाइन्छ । यसबाट के देखिन्छद्ध भने लिम्बू समूदायका बालबालिकाहरुको विद्यालयीय शिक्षाको तल्लो तहमा जुन रुपमा भर्ना रहेको छ त्यही अनुपातमा माथिल्लो कक्षामा नभएको पाइन्छ साथै उक्त विद्यार्थीहरुले कक्षा

छाड्ने तथा दोहोऱ्याउने प्रवृतिले गर्दा पनि प्राथमिक तहमा नै उक्त समूदायका बालबालिकाहरुको बढी चाप देखिन्छ ।

### ४.१.२ लिम्बू समूदायका बालबालिकाको भर्ना दर

तेह्रथुम जिल्लाको सोल्मा गा.वि.स. र सुङ्नाम गा.वि.स. का लिम्बू जातिका बालबालिकाहरु अध्ययन गर्ने प्राथमिक तहमा भर्ना भएका लिम्बू बालबालिकाको भर्ना संख्यालाई विद्यालयको अभिलेख फारमको आधारमा तथ्याङ्क लिइयो । जसलाई तालिका नं. ४.१ मा देखाइएको छ ।

## तालिका नं. ४.२

## लिम्बू जातिका बालबालिकाको भर्ना दर

| क.सं. | विद्यालयको नाम | लिम्बू विद्यार्थीको संख्या (कक्षा १-५) | | | अन्य विद्यार्थीको संख्या (कक्षा १-५) | | | जम्मा विद्यार्थीको संख्या (कक्षा १-५) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | श्री रत्न उ.मा.वि. | २५ (५२.०८) | २३ (४७.९१) | ४८ | ३५ (५३.०३) | ३१ (४६.९६) | ६६ | ६० (५२.७३) | ५४ (४७.३६) | ११४ |
| २ | श्री प्रजातन्त्र प्रा.वि. | ३० (५४.५४) | २५ (४५.४५) | ५५ | ८० (५६.३३) | ६२ (४३.६६) | १४२ | ११० | ८७ | १९७ |
| ३ | श्री सिंहदेवी उ.मा.वि. | ३५ (५९.३२) | २४ (४०.६८) | ५९ | ८८ (५६.४१) | ६८ (४३.५९) | १५६ | १२३ | ९२ | २१५ |
| ४ | श्री राष्ट्रिय दिव्येश्वरी प्रा.वि. | ३५ (६६.०३) | १८ (३३.९६) | ५३ | ८३ (६२.४०) | ५० (३७.५९) | १३३ | ११८ | ६८ | १८६ |
| | जम्मा | १२५ ५८.१३ | ९० ४१.८६ | २१५ | २८६ ५७.५४ | २११ ५१.३३ | ४९७ | ४११ | ३०१ | ७१२ |

(नोट : कोष्ठभित्र देखाइएका संख्याले केटाकेटीको भर्ना प्रतिशत जनाउछ)

माथिको तालिका अनुसार सोल्मा गा.वि.स. र सुङ्नाम गा.वि.स.मा रहेका लिम्बू जातिका बालबालिकाहरु अध्ययन गर्न ४ वटा सामुदायिक प्राथमिक विद्यालयमा हेर्दा कुनै पनि विद्यालयमा केटीहरको विद्यालय सहभागीता केटाको भन्दा बढी रहेको देखिएन । तर उक्त अध्ययन क्षेत्रमा भने केटाको भन्दा केटीको संख्या बढी रहेको थियो । तालिकामा हेर्दा लिम्बू बालबालिकाको केटा र केटीको भर्ना स्थितिबाट फरक १६.२७% देखिन्छ । अन्य विद्यालयमा भन्दा श्री राष्ट्रिय दिव्येश्वरी प्रा.वि.मा लिम्बू

केटाकेटीको भर्नादर ३२.०७% बढी देखियो भने अन्यमा पनि सामान्यतया केटाको भर्नादर केटीको भर्ना संख्या भन्दा बढी नै देखिन्छ ।

छनौटमा परेका विद्यालयहरु लिम्बू बालबालिकाहरुको भर्ना अनुपात ३०.१९% रहेको पाइयो । लिम्बू बालबालिकाहरु अध्ययन गर्ने ४ वटा विद्यालयको प्राथमिक तहमा बालबालिकाहरुको भर्नादरलाई हेर्दा अन्य बालबालिकाको भर्ना संख्या भन्दा लिम्बू जातिको बालबालिकाहरुको भर्ना संख्यामा लिम्बू समूदायको बालबालिकाहरुको भर्नादर केटा ३९.६८% ले कमी रहेको देखिन्छ । समग्रमा लिम्बू तर्फका बालबालिकाहरु विद्यालय शिक्षामा सहभागितालाई संख्यात्मक रुपमा लिम्बू जाति र अन्य जातिमा फरक देखिए पनि प्रतिशतको आधारमा भने लगभग उस्तै नै रहेको देखिन्छ । भर्नादर हेर्दा केटीको भर्नादरभन्दा केटाको भर्नादर बढी देखिन्छ ।

### ४.१.३ कक्षागत रुपमा लिम्बू समूदायको बालबालिकाको भर्नादर

यस अध्ययन अनुसन्धानमा छनौट गरिएका प्राथमिक विद्यालयका लिम्बू बालबालिकाहरुको कक्षागत भर्नादर अध्ययन गर्दा सम्पूर्ण विद्यालयको भर्नादरलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.३**

**लिम्बू बालबालिकाहरुको कक्षागत भर्नाको स्थिति**

| कक्षा | १ | | २ | | ३ | | ४ | | ५ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालय | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | केटा | केटी | |
| १. श्री रत्न उ.मा.वि. | ७ | ६ | ५ | ७ | ३ | ४ | ५ | ३ | ५ | ३ | ४८ |
| २. श्री प्रजातन्त्र प्रा.वि. | ७ | ६ | ७ | ५ | ६ | ६ | ५ | ५ | ४ | ३ | ५५ |
| ३. श्री सिंहदेवी उ.मा.वि. | ८ | ६ | ८ | ५ | ७ | ५ | ६ | ४ | ६ | ४ | ५९ |
| ४. श्री राष्ट्रिय दिव्येश्वरी प्रा.वि. | ६ | ४ | ८ | ५ | ७ | २ | ७ | ५ | ७ | २ | ५३ |
| जम्मा | २८ (१३.०२) | २२ (१०.२३) | २८ (१३.०२) | २२ (१०.०२) | २३ (१०.६९) | १७ (७.९) | २४ (११.१६) | १७ (७.९) | २२ (१०.२५) | १२ (५.५९) | २१५ |

(स्रोत : विद्यालय अभिलेख, २०६९)

माथिको तालिकाका आधारमा कक्षागत रुपमा लिम्बू बालबालिकाहरुको भर्नादर हेर्दा कक्षा १ मा केटा १३.०२ प्रतिशत र केटी १०.२३ प्रतिशत, कक्षा २ मा केटा १३.०२ प्रतिशत र केटी १०.०२ प्रतिशत, कक्षा ३ मा केटा १०.६९ प्रतिशत र केटी ७.९ प्रतिशत, कक्षा ४ मा केटा ११.१६ प्रतिशत र

केटी ७.९ प्रतिशत, कक्षा ५ मा केटा १०.२५ प्रतिशत र केटी ५.५९ प्रतिशत भर्ना रहेको छ । त्यसैगरी भर्नादर फरक हेर्दा कक्षा १ मा क्रमशः केटा र केटीको कक्षागत भर्नाको स्थिति १३.०२-१०.२३=२.७९ प्रतिशत, कक्षा २ मा १३.०२-१०.०३=३ प्रतिशत कक्षा ३ मा १०.६९-७.९=२.७९ प्रतिशत कक्षा ४ मा ११.१६-७.९=३.२६ प्रतिशत छ भने कक्षा ५ मा १०.२५-५.५९=४.६६ प्रतिशत रहेको देखिन्छ ।

यसबाट हेर्दा के देखिन्छ भने कक्षा १ र २ मा भर्नादर उस्तै भए पनि क्रमशः माथिल्लो कक्षामा घट्दै गएको देखिन्छ भने केटाको भन्दा केटीको भर्नादर पनि कम नै रहेको पाइयो । यसबाट के भन्न सकिन्छ भने माथिल्लो कक्षामा जादै गर्दा क्रमशः भर्नादर कम हुँदै जाने जुन हुनुमा कक्षा छाड्ने प्रवृत्ति, अनुतिर्ण हुने जस्ता कार्य रहेको पाइयो ।

### ४.१.४ प्राथमिक तहमा लिम्बू छात्रछात्राहरको औसत उपस्थिति

लिम्बू जातिका विद्यार्थी तथा विद्यार्थीहरुको २०६९ सालको औषत उपस्थिति पत्ता लगाउन नमूनामा परेका सोल्मा गा.वि.स. र सुङ्नाम गा.वि.स. का ४ वटा सामुदायिक प्राथमिक विद्यालयहरुबाट प्रत्येकबाट ५/५ जना विद्यार्थीहरुको औसत उपस्थिति हेरिएको छ । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.४**

**प्राथमिक तहमा लिम्बू र अन्य विद्यार्थीहरुको औषत उपस्थिति (शैक्षिक सत्र - २०६९)**

| क्र.सं. | विद्यालयको नाम | कक्षा | लिम्बू विद्यार्थीको औषत उपस्थिति | अन्य विद्यार्थीहरुको औषत उपस्थिति |
|---|---|---|---|---|
| १ | श्री रत्न उ.मा.वि. | १ | १६० (७२.७३) | १७८ (८०.९१) |
| २ | श्री प्रजातन्त्र प्रा.वि. | २ | १५५ (७०.४५) | १७७ (८०.४५) |
| ३ | श्री सिंहदेवी उ.मा.वि. | ४ | १४५ (६६.९१) | १७५ (७९.५५) |
| ४ | श्री राष्ट्रिय दिव्येश्वरी प्रा.वि. | ५ | १०५ (४७.७३) | १७० (७७.२७) |
| | औषत | | ५६५ (६४.२०) | ७०० (७९.५४) |

(स्रोत : अध्ययन क्षेत्र अभिलेख फारम, २०६८)

(नोट : कोष्ठभित्र देखाइएको संख्याले विद्यार्थीहरुको उपस्थिति प्रतिशत जनाउँछ ।)

लिम्बू बालबालिका र अन्य बालबालिकाहरुको विद्यालय उपस्थिति हेर्दा श्री रत्न उ.मा.वि. कक्षा १, श्री प्रजातन्त्र प्रा.वि. बाट कक्षा २, श्री सिंहदेवी उ.मा.वि. बाट कक्षा ४ र श्री राष्ट्रिय दिव्येश्वरी

प्रा.वि. बाट कक्षा ५ को उपस्थिति हेरिएको थियो । जसमा विद्यालय खुलेको २२० दिन मध्ये लिम्बू जातिका बालबालिकाको औषत उपस्थिति (५६५÷४ =१७५) दिन अथवा ७९.५४% रहेको देखिन्छ । यसरी हेर्दा लिम्बू जातिका बालबालिकाहरुको विद्यालय शिक्षामा रहेको सहभागिता अन्य जातिको तुलनामा कम भएपनि औषत रुपमा मध्यम नै रहेको देखिन्छ ।

लिम्बू विद्यार्थीहरुको सबैभन्दा बढी औसत उपस्थिति श्री रत्न उ.मा.वि. मा १६० दिन (७२.७३) रहेको छ भने सबै भन्दा कम औषत श्री राष्ट्रिय दिव्येश्वरी प्रा.वि. (४७.७३%) रहेको पाइयो । त्यस्तै गरी अन्य विद्यार्थीको औसत उपस्थितिमा श्री रत्न उ.मा.वि. मा १७८ मा १७० (७७.२७%) दिन रहेको पाइयो । यसरी हेर्दा कम उपस्थिति रहेको विद्यालयको विद्यार्थीको उपस्थितिलाई बढाउन उक्त विद्यालयमा विद्यार्थीलाई नियमित विद्यालय ल्याउने किसिमले कार्यक्रम संचालन हुनु पर्ने देखिन्छ ।

यसरी वास्तविक रुपमा हेर्दा लिम्बू जातिका विद्यार्थीहरुको भन्दा अन्य जातिका बालबालिकाहरुको औसत उपस्थित बढी १५.३४% दिन देखियो । यसर्थ सोल्मा र सुङ्नाम गा.वि.स. का प्राथमिक तहमा लिम्बू जातिका विद्यार्थीहरुको ६४.२०% उपस्थिति रहेको पाइयो । जुन उपस्थितिलाई अन्य जातिको तुलनामा कम भएपनि समग्र रुपमा मध्यम खालको मान्न सकिन्छ । जुन विद्यालयमा उपस्थिति न्यून हुनका कारणहरुमा कक्षाकोठाको बसाइको व्यवस्था राम्रो नहुनु, शिक्षण सिकाइ क्रियाकलाप रोचक नहुनु, भाषागत समस्या, लिम्बु बालबालिकाको अन्य बालबालिका सरह विभिन्न क्रियाकलापमा सहभागी नगराउनु जस्तो रहेको पाइयो ।

### ४.१.५ नमूना छनौटमा परेका लिम्बू समूदायका बालबालिकाहरुको कक्षा छाड्ने दर

यस अध्ययनमा नमूना छनोटमा परेका ४ वटै विद्यालयका लिम्बू विद्यार्थीहरुको कक्षा छाड्ने दरमा अध्ययन तथा विश्लेषण गर्दा २ वटै गा.वि.स. भित्रका प्राथमिक विद्यालयको तथ्याङ्को आधारमा विवरण तयार गरिएको छ । जसलाई तालिकामा उल्लेख गरिएको छ ।

## तालिका नं. ४.५

## लिम्बू समूदायका बालबालिकाहरुको कक्षा छाड्ने दर

## (शैक्षिक सत्र - २०६८)

| विद्यालयको नाम | भर्ना भएका लिम्बू विद्यार्थीहरुको संख्या | | | कक्षा छाड्ने लिम्बू विद्यार्थीहरुको संख्या | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १. श्री रत्न उ.मा.वि. | २५ | २३ | ४८ | ४ (८.३३) | ३ (७.२५) | ७ (१५.५८) |
| २. श्री प्रजातन्त्र प्रा.वि. | ३० | २५ | ५५ | ३ (५.४५) | ३ (५.४५) | ३ (५.०७) |
| ३. श्री सिंहदेवी उ.मा.वि. | ३५ | २४ | ५९ | ४ (७.५४) | ५ (९.४३) | ९ (१६.९७) |
| ४. श्री राष्ट्रिय दिव्येश्वरी प्रा.वि. | ३५ | १८ | ५३ | ४ (७.५४) | ५ (.४३) | ९ (१६.९७) |
| जम्मा | १२५ (५८.१३) | ९० (४१.८६) | २१५ | १२ (५.५८) | १३ (६.०४) | २५ (११.६२) |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९)

माथिको तालिका हेर्दा जम्मा भर्ना भएका २१५ जना लिम्बू समूदायका विद्यार्थीहरु मध्ये ५.५८% (१२ जना) केटा र ६.०४% (७३ जना) केटी बालबालिकाले कक्षा छोड्ने गरेको देखियो । सोल्मा र सुङ्नाम गा.वि.स. का ४ वटै प्राथमिक विद्यालयमा कक्षा छाड्न जम्मा विद्यार्थी संख्या ११.६२ (२५ जना) रहेको पाइयो । यस अध्ययनबाट सबैभन्दा बढी कक्षा छाड्ने ७.५४% केटा र ९.४३% केटी श्री राष्ट्रिय दिव्येश्वरी प्रा.वि. रहेको पाइयो । जसमा पनि केटाको भन्दा केटीको कक्षा छोड्ने प्रवृत्ति अलि बढी देखिन्छ ।

यसरी हेर्दा अन्य विद्यालयको तुलनामा यस विद्यालयमा विद्यार्थीले कक्षा छोड्नुमा आर्थिक कमजोर अवस्था, विभिन्न साँस्कृतिक कार्यक्रम, कृषि तथा घरायसी काममा सघाउनु पर्ने जस्ता कारण रहेको पाइयो । तसर्थ यस्ता कारणलाई विद्यालयको क्षेत्रबाट व्यवस्थापन समिति लगायत विभिन्न

निकायले यस्ता विद्यालय छोड्ने कारणलाई कम गर्ने कार्यक्रम ल्याउन सकेमा स्वभावैले उक्त समस्या कम हुने देखिन्छ ।

### ४.१.६ नमूनामा परेका लिम्बू समूदायका बालबालिकाहरुको कक्षा दोहोऱ्याउने अवस्था

यस अध्ययनमा नमूनामा परेका सोल्मा गा.वि.स.बाट २ वटा र सुङ्नाम गा.वि.स. बाट २ वटा गरी जम्मा ४ वटा सामुदायिक प्राथमिक विद्यालयको भर्ना विवरणको आधारमा विद्यार्थीहरुको कक्षा दोहोऱ्याउने अवस्थ तालिका नं. ४.६ मा देखाएको छ ।

**तालिका नं. ४.६**


**लिम्बू समूदायका बालबालिकाहरुको कक्षा दोहोऱ्याउने विवरण**

**(शैक्षिक सत्र २०६९)**

| विद्यालयको नाम | भर्ना भएका लिम्बू विद्यार्थीहरुको संख्या | | | कक्षा छाड्ने लिम्बू विद्यार्थीहरुको संख्या | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १. श्री रत्न उ.मा.वि. | २५ | २३ | ४८ | ५ (१०.४१) | ६ (१२.५) | ११ (२२.९१) |
| २. श्री प्रजातन्त्र प्रा.वि. | ३० | २५ | ५५ | ६ (१०.९०) | ४ (७.२७) | १० (१८.१८) |
| ३. श्री सिंहदेवी उ.मा.वि. | ३५ | २४ | ५९ | ७ (११.८६) | ९ (१५.२५) | १६ (२७.११) |
| ४. श्री राष्ट्रिय दिव्येश्वरी प्रा.वि. | ३५ | १८ | ५३ | ६ (११.२२) | ८ (११.३२) | १४ (२६.५१) |
| जम्मा | १२५ | ९० | २१५ | २४ (११.१६) | २७ (१२.२५) | ५१ (२३.७२) |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९)

माथिको तालिकालाई निम्नानुसार स्तम्भचित्रमा देखाउन सकिन्छ ।




माथिको तालिका तथा स्तम्भ चित्रका आधारमा लिम्बू विद्यार्थीहरुले कक्षा दोहोऱ्याउने क्रममा

सबैभन्दा बढी श्री सिंहदेवी उ.मा.वि. (२७.११%) देखियो भने सबैभन्दा कम श्री प्रजातन्त्र प्रा.वि. (१८.१८%) रहेको पाइयो । यसरी सोल्मा गा.वि.स. र सुङ्नाम गा.वि.स. का ४ वटा प्राथमिक विद्यालयमा अध्ययन गर्दा लिम्बू जातिका जम्मा (२३.७२%) बालबालिकाहरुले कक्षा दोहोऱ्याएको देखिन्छ ।

यसरी यस तथ्याङ्कलाई अध्ययन गर्दा लिम्बू विद्यार्थीहरु कक्षा दोहोऱ्याउने कारणमा नियमित विद्यालय उपस्थिति नहुने, कमजोर शैक्षिक अवस्था, अभिभावकको शिक्षा प्रतिको कम ज्ञान जस्ता कुराले कक्षा दोहोऱ्याउने गरेको पाइयो । यसरी यस्ता कुरालाई कम गर्न सकेको खण्डमा यो दोहोऱ्याउने क्रममा कम गर्न सकिन्छ । तर अब उक्त क्रम भने यसपटकबाट निरन्तर मूल्याङ्कन प्रक्रियाले गर्दा उक्त दोहोऱ्याउने प्रक्रिया अबदेखि नहुने देखिन्छ ।

## ४.२ लिम्बू समूदायका बालबालिकाहरुले कक्षा दोहोऱ्याउने, कक्षा छोड्ने कारणहरुको शैक्षिक अभिभावकहरुको प्रतिक्रिया

प्राथमिक विद्यालयमा लिम्बू बालबालिकाहरुको कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने र भर्नादर हेर्न विद्यालयको अभिलेखलाई प्राथमिक श्रोतको रुपमा लिइएको छ । यसका साथै अध्ययन क्षेत्रमा छनोट गरिएका १६ लिम्बू अभिभावकहरुबाट प्राप्त प्रतिक्रियालाई निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ ।

**तालिका नं. ४.७**

**लिम्बू समूदायका अभिभावकहरुले बालबालिकाको भर्ना नगरिदिएको बारेमा दिएको प्रतिक्रिया**

| क्र.सं. | विवरण | अभिभावकको संख्या |
|---|---|---|
| १ | घरायसी काम गर्नु परेकोले भर्ना नगरिएको | ४ |
| २ | आर्थिक अवस्था कमजोर भएको कारणले गर्दा भर्ना नगरिएको | ३ |
| ३ | कृषि कार्यमा सघाउनको लागि भर्ना नगरिएको | ४ |
| ४ | सानै उमेरमा विवाह गरेको हुँदा भर्ना नगरिएको | २ |
| ५ | छोराछोरीको उमेर बढी भएर भर्ना नगरिएको | ३ |
| | जम्मा | १६ |

माथिको तालिका अनुसार नमूना छनौटमा परेका १६ जना लिम्बू समुदायका अभिभावकहरु मध्ये ४ जनाले घरायसी काम गर्नु परेकोले भर्ना नगरिएको कुरा बताए भने त्यस्तै ४ जनाले कृषि कार्यमा सघाउनका लागि भर्ना नगरिएको कुरा बताएका थिए । त्यस्तैगरी बाँकी अन्यले ३ जनाले आर्थिक अवस्था

कमजोर भएको कारणले गर्दा भर्ना नगरिएको कुरा बताए भने अरु ३ जनाले छोराछोरीको उमेर बढी भएर भर्ना नगरिएको भन्ने जवाफ आएको थियो । त्यस्तै गरी छोराछोरी भर्ना नगरिएको सम्बन्धमा प्रतिक्रिया लिदा सबैभन्दा कम सानै उमेरमा विवाह गरेको हुँदा भन्ने आएको थियो ।

यसरी उक्त तालिका अनुसार समग्रमा लिम्बू बालबालिकाहरुको भर्ना नगराइने कारणको प्रतिक्रिया कृषि कार्यमा सघाउनु पर्ने तथा घरायसी काम गर्नु पर्ने जस्ता कार्यले गर्दा नगरिएको भन्न र अलि बढी अर्थात २५% आएको पाइयो । यसबाट के भन्न सकिन्छ भने नेपाल एक कृषि प्रधान देश भएकोले अधिकांश व्यक्ति कृषिकै भरमा नै बाँच्नु पर्ने र अन्य आर्थिकको स्रोत नभएको कारणले पनि आफ्ना बालबच्चालाई समेत उक्त क्षेत्रमा प्रयोग गरिएको देखिन्छ । तसर्थ बालबालिकालाई विद्यालयमा भर्ना गर्नको लागि अभिभावकलाई कृषि बाहेक अन्य आर्थिक स्रोतको व्यवस्था सरकारले गर्न सकेमा लिम्बू बालबालिकाहरु विद्यालयीय शिक्षाबाट बन्चित हुनु पर्ने थिएन ।

### ४.२.१ लिम्बू समूदायका बालबालिकाको भर्नादर राम्रो भए नभएको बारेमा शिक्षकको प्रतिक्रिया

लिम्बू समूदायका बालबालिकाहरुको भर्नादर राम्रो भए नभएको बारेमा शिक्षकहरुबाट प्रतिक्रिया लिइएको थियो । यस विषयमा सूचना संकलन गर्नका लागि प्राथमिक तहमा १२ जना शिक्षकहरुलाई प्रश्न सोधिएको थियो । जुन प्रश्नमा शिक्षकहरुले दिएको प्रतिक्रियालाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. ४.८**

**लिम्बू बालबालिकाहरुको भर्नादर बारेमा शिक्षकहरुको प्रतिक्रिया**

| क.सं. | विवरण | शिक्षक संख्या |
|---|---|---|
| १ | सन्तोषजनक छैन | ७ (५८.३३%) |
| २ | सन्तोषजनक छ | ५ (४१.७७%) |
| | जम्मा | १२ (१००%) |

(स्रोत : स्थलगत अध्ययन, २०६९)

माथिको तालिका अनुसार लिम्बू बालबालिकाहरुको भर्नादर सन्तोषजनक छैन भन्ने ७ जना (५८.३३%) र सन्तोषजनक छ भन्नेमा ५ (४१.७७%) शिक्षकहरुले जवाफ दिएका थिए । शिक्षकहरुको प्रतिक्रिया अनुसार विद्यालयमा लिम्बू जातिका बालबालिकाहरुको भर्नादरलाई राम्रो छैन भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.२ समाजसेवी तथा शिक्षाप्रेमीको प्रतिक्रिया

तपाइहरुको गाउँमा शिक्षाप्रतिको घारणा के-कस्तो छ भनी सोधिएको प्रश्नमा अन्य जातिहरुमा भैं लिम्बू जातिमा सकारात्मक धारणा पाएको र अहिले आएर भाषाको कठिनाइका कारणबाट विद्यालय नगएका बालबालिकालाई विद्यालयमा संचालित लिम्बू भाषाको पढाइ आनिपानले गर्दा पनि विद्यालय पढाउन थालेका कुरा थाहा भयो । त्यस्तै गरी अभिभावकलाई पनि आफ्ना छोराछोरीहरुलाई विद्यालय शिक्षामा सहभागिता गर्नुपर्ने धारणाको विकास भएको देखिन्छ । त्यस्तै लिम्बू समुदायका बालबालिकाको न्यून सहभागिता हुनुमा चेतनाको कमी, अशिक्षा, गरिबी, आमाबुवाको अर्काको घरमा काम गर्नु पर्ने, घरमा कुरुवा, भाइ बहिनीको हेरचाह गर्नका लागि, भाषाका कठिनाई जस्ता कुराले उनीहरुलाई विद्यालयमा सहभागीता न्यून रहेको देखिन्छ । त्यस्तै गरी लिम्बू जातिको आफ्नै प्रकारको परम्परा संस्कृतिको कारणले समूदायमा हुने विभिन्न कार्यक्रमको प्रभाव स्वरुप पनि विद्यालयमा नियमित उपस्थित नहुन जस्ता समस्या देखा पर्ने कुरा बताउनु भएको थियो । वास्तवमा भन्ने हो भने लिम्बूहरुको वास्तविक समस्या हल हुन नसक्दा आर्थिक, सामाजिक, साँस्कृतिक अनि चेतनाजस्ता कार्यबाट उनीहरु आउन नसकेको र तिनीहरुलाई शिक्षा प्रतिको धारणा र उनीहरुको शिक्षामा सहभागिता गराउन विभिन्न कार्यहरु गर्नु पर्ने धारणा समाजसेवी शिक्षा प्रेमीहरुको प्रतिक्रिया रहेको पाइयो ।

शिक्षा पाउनु प्रत्येक व्यक्तिको नैसर्गीक अधिकार तथा सर्वोत्तम सम्पत्ति हो भन्ने प्रतिक्रिया केही अभिभावकहरुको तथा शिक्षा प्रेमीको धारणा रहदा रहदै पनि उनीहरुको गरिबी, रोजगारीको अभाव, विहान बेलुका दुई छाक हात जोड्न नसक्नु, स्थायी रुपमा आम्दानीमूलक पेशाको अभावले गर्दा छोराछोरी विद्यालय नपठाएको र जसले गर्दा आफ्ना बालबालिकाहरुलाई विद्यालय शिक्षामा सहभागिता गराउन नसकेको भनी केही शिक्षा प्रेमी तथा समाजसेवीले बताए ।

तसर्थ लिम्बू बालबालिकाको सहभागितामा बृद्धि गर्नको लागि जुन कारणले बालबालिका विद्यालय जानबाट बन्चित छन् त्यसको लागि सरकारले तथा उक्त क्षेत्रबाट विभिन्न सरसहयोग गर्न सकेको खण्डमा र लिम्बू शिक्षकनै र राम्रो सँग लिम्बू भाषा पढाउन सक्ने शिक्षकको व्यवस्था भएमा उनीहरुको सहभागितामा बृद्धि हुने देखिन्छ ।

### ४.२.३ लिम्बू बालबालिकाहरुले बिचैमा कक्षा छोड्ने कारणहरु

प्राथमिक तहमा लिम्बू समूदायको शैक्षिक सहभागिता सम्बन्धी गरिएको अध्ययनमा अध्ययनको उद्देश्यसँग सम्बन्धित रहेर छनौटमा परेका शिक्षक, अभिभावक र विद्यार्थीसँग लिम्बू बालबालिकाहरुले बिचैमा कक्षा छोड्ने कारणहरु बारेमा सूचना संकलन गरिएको थियो । बालबालिकाले कक्षा छोड्ने कारणहरु के-के होलान् भन्ने प्रश्नमा १६ जना लिम्बू अभिभावक, १२ जना शिक्षक शिक्षिका र २० जना लिम्बू जातिका विद्यार्थीहरुसँग अर्न्तवार्ता लिँदा निम्न कारणहरुबारे निम्नानुसारको प्रतिक्रिया जनाएका छन् :

**तालिका नं. ४.९**

**लिम्बू समूदायका बालबालिकाहरुले विद्यालय छाड्ने कारणहरुबारे शिक्षक, विद्यार्थी र अभिभावकको प्रतिक्रिया**

| क.सं. | प्रतिक्रिया | अभिभावक (१६) | शिक्षक (१२) | विद्यार्थी (२०) | जम्मा (४८) |
|---|---|---|---|---|---|
| १ | आर्थिक अवस्था कमजोर हुनु | ४ (२५%) | ३ (२५%) | ४ (२०%) | ११ (२२.९१%) |
| २ | पढ्ने वातावरण उपयुक्त नहुनु | २ (१२.५) | २ (१६.६) | ४ (२०%) | ८ (१६.६६%) |
| ३ | अभिभावकको कम उत्तरदायित्व | | २ (१६.६६%) | २ (१०%) | ४ (८.३३%) |
| ४ | कृषि कार्यमा संलग्न हुनु | ३ (१८.७५) | २ (१६.६%) | २ (२५%) | १० (२०.८३%) |
| ५ | नियमित रुपमा अनुतिर्ण हुनु | २ (१२.५) | | २ (१०%) | ४ (८.३३%) |
| ६ | आम्दानीको स्रोतको अभाव | ३ (१८.७५) | २ (१६.६%) | २ (१०%) | ७ (१४.५८%) |
| ७ | अन्य कारणहरु | २ (१२.५) | १ (८.३३%) | १ (५%) | ४ (८.३३) |
| | जम्मा | १६ (१००) | १२ (१००) | २० (१००) | ४८ (१००) |

(स्रोत : कोष्ठभित्र देखाएको संख्याले लिम्बू केटाकेटीको कक्षा छाड्ने कारणको प्रतिशत जनाउँछ ।)

माथि प्रस्तुत तालिका अनुसार प्राथमिक विद्यालयमा लिम्बु जातिको बालबालिकाले बिचैमा कक्षा छाड्नु पर्ने कारणहरुमा आर्थिक अवस्थ कमजोरमा, अभिभावकले २५% प्रतिशत, शिक्षक शिक्षिकाले २५ प्रतिशत र विद्यार्थीहरुले २० प्रतिशतले गरी जम्मा २२.९१ प्रतिशतले प्रतिक्रिया दिएको पाइयो । त्यस्तैगरी कृषिकार्यमा संलग्न हुने कुरामा दिएको प्रतिक्रियामा अभिभावकबाट १८.७५ प्रतिशत, शिक्षकबाट १६.६ प्रतिशतले प्रतिक्रिया र विद्यार्थी बाट २५ प्रतिशत गरी जम्मा २०.८३ प्रतिशतले प्रतिक्रिया दिएको पाइयो भने आम्दानीको स्रोतको अभावमा दिएको प्रतिक्रियामा अभिभावकले १८.७३ प्रतिशत, शिक्षकले १६.६ प्रतिशत र विद्यार्थीहरुले १० प्रतिशत गरी १४.५८ प्रतिशतले दिएका थिए ।

त्यस्तै गरी पढ्ने वातावरण उपयुक्त नहुनुमा १२.५% शिक्षकले १६.६% विद्यार्थीबाट २०% गरी जम्मा १६.६६% ले दिएका थिए भने अभिभावकको कम उत्तरदायित्वमा अभिभावकबाट प्रतिक्रिया थिएन भने शिक्षकबाट १६.६% र विद्यार्थीबाट १०% ले जनाएका थिए । पढ्ने वातावरण उपयुक्त नहुनुमा १२.५% अभिभावकले १६.६% शिक्षकले र २०% विद्यार्थीले प्रतिक्रिया दिएका थिए । नियमित रुपमा अनुत्तिर्ण हुनुमा १२.५% र विद्यार्थीले १०% ले प्रतिक्रिया दिएका थिए भने अन्य कारणहरुमा अभिभावकले १२.५%, शिक्षकले ८.३३% र विद्यार्थीले ५% ले प्रतिक्रिया जनाएका थिए ।

यसरी प्राप्त प्रतिक्रियालाई अध्ययन गर्दा आर्थिक अवस्था कमजोर हुनु र कृषि कार्यमा संलग्न हुनु पर्ने कारण जस्ता प्रतिक्रिया बढीले जनाउका थिए । यसर्थ यसको आधारमा हेर्दा उक्त जाति अधिकांश कृषि पेशामा लागेका हुनाले विद्यार्थीहरुले कामको कारणले विद्यालय छोड्ने र आम्दानी पनि कम मै उनीहरुको आवश्यक सामग्री समेत किनिदिन नसक्ने जस्तो कारणले गर्दा विद्यालय जाने क्रममा बिचैमा छोड्नुपर्ने बाध्यता रहेको देखिन्छ । त्यस्तै गरी अलिक ठूलो भए पछि सैनिक क्षेत्रमा जाने प्रवृत्तिले गर्दा पनि छात्राको भन्दा छात्रको विद्यालय छान्ने प्रवृत्ति माथिल्लो कक्षामा बढी भएको पाइन्छ । जसको लागि उनीहरुलाई अन्य आम्दानीको स्रोतको व्यवस्था तथा विद्यार्थीको लागि आवश्यक शैक्षिक सामग्रीको समेत कुनै पनि निकायले गर्न सकेमा विचैमा छोड्नुपर्ने थिएन ।

### ४.२.४ लिम्बू बालबालिकाहरु दैनिक रुपमा विद्यालय शिक्षामा उपस्थिति नहुने कारणहरुबारे शिक्षक अभिभावकको प्रतिक्रिया

**तालिका नं. १०**

**शिक्षक अभिभावकको प्रतिक्रिया**

| क्र.सं. | विवरण | शिक्षक (१२) | अभिभाक (१६) | जम्मा (२८) |
|---|---|---|---|---|
| १ | आर्थिक अवस्थामा कमजोर हुनु | ७ (५८.३३%) | १० (६२.५%) | १७ (६०.७१%) |
| २ | अभिभावकमा साक्षरता वा चेतनाको कमी | ४ (३३.३३%) | ४ (२५%) | ८ (२८.५७%) |
| ३ | विद्यालयको अतिरिक्त क्रियाकलापमा समावेश नगर्नु | ३ (२५%) | २ (१२.५%) | ५ (१७.८५%) |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९)

माथि प्रस्तुत तालिका अनुसार लिम्बू विद्यार्थीहरु दैनिक रुपमा उपस्थिति नहुने कारणहरुमा आर्थिक अवस्था कमजोरको कारणले भन्ने अभिभावक र शिक्षक १७ (६०.७१%) भेटियो । त्यस्तै गरी अभिभावकको चेतनाको कमी भन्नेमा शिक्षक तथा अभिभावकको संख्या ८ (२८.५७%) भेटियो । त्यस्तै गरी विद्यालयको अतिरिक्त क्रियाकलापमा समावेश नगर्नु भन्नेमा अभिभावक र शिक्षकहरु २८ जना मध्ये ५ जना (१७.८५%) रहेको थियो ।

तसर्थ समग्रमा उक्त प्रतिक्रियालाई विश्लेषण गर्दा लिम्बू जातिका बालबालिका आर्थिक अवस्था कमजोर भएको कारण विद्यालय पढाउनुको साटो घरायसी काममा नै लगाउने साथै उक्त जातिमा बेलाबेलामा हुने साँस्कृतिक कार्यक्रमले पनि बालबालिकाहरु दैनिक रुपमा विद्यालय उपस्थिति नहुने कारण रहेको देखिन्छ ।

### ४.२.५ लिम्बू समूदायका बालबालिकाहरुले नियमित उपस्थित गराउने बारे शिक्षकसँग प्रतिक्रिया

लिम्बू जातिका बालबालिकाहरुलाई नियमित रुपमा विद्यालयमा उपस्थित तथा सहभागिता गराउने परिवारहरुको बारेमा शिक्षकसँग लिइएको प्रश्नावलीको आधारमा संयुक्त परिवार भएकाले, आर्थिक रुपमा सम्पन्न परिवारले, साक्षर परिवारले, माथिल्लो कक्षा पढ्ने दाजुभाई दिदीबहिनी भएकाले उनीहरुको विभिन्न समस्यालाई समाधान गर्दै, आर्थिक सामाजिक चेतनात्मक धारणामा परिवर्तन ल्याई र उनीहरुको विद्यालयमा निःशुल्क भर्ना, छात्रवृत्ति र अन्य कुरामा सहयोग पुऱ्याएमा मात्र उनीहरुको विद्यालयमा सहभागिता गराउन सकिन्छ भन्ने प्रतिक्रिया दिएका थिए । त्यस्तैगरी लिम्बूको आफ्नै प्रकारको भाषा तथा संस्कार रहेको छ । त्यही अनुरुप उनीहरुलाई विद्यालयमा उनीहरुको भाषाको माध्यमबाट (आनीपान) शिक्षण गराउन सकेमा उपस्थिति बढाउन सकिने भएपनि मैले अध्ययन गरेका ४ वटा विद्यालय मध्ये ३ वटामा आनिपानको पढाइ भएको देखियो भने एउटामा ऐच्छिक विषयको रुपमा अंग्रेजीलाई राखेको भएर उक्त विद्यालयमा अध्ययनरत लिम्बू समूदायको व्यक्तिहरुले लिम्बू भाषाबाट नै पढाइ भएमा आफ्ना छोराछोरी विद्यालयमा नियमित उपस्थित हुने कुरा बताएको पाइन्छ भनेर प्रतिक्रिया दिएका थिए ।

यसर्थ लिम्बू समूदायका बालबालिकाहरुलाई विद्यालय शिक्षा सहभागि गराउनका लागि विभिन्न जनचेतनामूलक कार्यक्रम ल्याउनुपर्ने र लिम्बू भाषाबाट पढाइने आनिपानलाई लिम्बू विद्यार्थी अध्ययनरत विद्यालयमा अनिवार्य गराउनु पर्ने र उनीहरुको अभिभावकहरुलाई शिक्षाको बारेमा ज्ञान दिने, शिक्षा नलिई केहीपनि हुदैन भन्ने जस्ता कुरामा सचेत गराउन सकेको खण्डमा मात्र उनीहरुका बालबालिकाहरुलाई विद्यालयमा सहभागिता गराउन सकिने देखिन्छ ।

## ४.३ लिम्बू बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागितामा कमी हुनाका कारणहरु

लिम्बू समूदायका बालबालिकाको प्राथमिक तहमा रहेको शैक्षिक सहभागिता हेर्नका लागि गरिएको अध्ययन तथा अनुसन्धानको क्रममा तेह्रथुम जिल्लाको सोल्मा र सुङ्नाम गा.वि.स. का ४ वटा विद्यालयलाई छनौट गरिएको थियो । जसमा लिम्बू बालबालिकाहरु विद्यालयीय शिक्षामा हुने कम सहभागिताका कारण पहिचान गर्ने शिक्षक, शिक्षिका, अभिभावक, विद्यार्थीहरुबीच अर्न्तवार्ता तथा प्रश्नावली तयार पारी सूचनाहरु संकलन गरिएको थियो । जसलाई तल तालिकामा देखाइएको छ :

**तालिका नं. ४.११**

**लिम्बू बालबालिकाहरु विद्यालय शिक्षाको सहभागितमा कमी हुनाका कारणहरुबारे शिक्षक, अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया**

| क.सं. | विवरण | शिक्षक (१२) | अभिभावक (१६) | विद्यार्थी (२०) | जम्मा (४८) |
|---|---|---|---|---|---|
| १ | आर्थिक समस्या | ४ (३३.३३) | ८ (५०%) | ९ (४५%) | २१ (४३.७५%) |
| २ | कमजोर पढाई | ३ (२५%) | ३ (१८.७५%) | ५ (२५%) | ११ (२२.९१%) |
| ३ | बालबालिकाको पढाइप्रति अभिभावकको चासो नदिनु | २ (१६.६६%) | १ (६.२५%) | ३ (३३.३३%) | ६ (१२.५%) |
| ४ | अभिभावकहरुमा चेतनााको अभाव | २ (१६.६६%) | ३ (१८.७५%) | २ (१०%) | ७ (१४.५८%) |
| ५ | अन्य कारणहरु | १ (८.३३%) | १ (६.२५%) | १ (५%) | ३ (६.२५%) |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९)

माथिको तालिका अनुसार लिम्बू समूदायका बालबालिकाको विद्यालय शिक्षामा सहभागितामा कमी हुनाका कारणहरुमध्ये आर्थिक समस्या ३३.३३ प्रतिशत शिक्षकले ५० प्रतिशत अभिभावकर र ४५ प्रतिशत विद्यार्थीले गरी जम्मा ४३.७५ प्रतिशतले प्रतिक्रिया दिएका थिए भने कमजोर पढाइमा प्रतिक्रिया दिनेमा शिक्षक, अभिभावक र विद्यार्थीले क्रमशः २५%, १८.७५% र २५% गरी जम्माको २२.९१% रहेको थियो । त्यस्तै गरी बालबालिकाको पढाइप्रति अभिभावकको चासो नदिनुमा जम्मा १२.५%, अभिभावकहरुमा चेतनाको अभावमा जम्मा १४.५८% र अन्य कारण्मा जम्मा ६.२५% रहेको थियो ।

यसरी समग्र रुपमा सोल्मा र सुङ्नाम गा.वि.स का २/२ वटा विद्यालय गरी ४ वटामा प्राथमिक तहमा लिम्बू समूदायका बालबालिकाको शैक्षिक सहभागितामा कमी हुने कारणबारे शिक्षक, अभिभावक र विद्यार्थी बिचमा लिइएको प्रतिक्रिया अनुसार आर्थिक समस्या, अभिभावकहरुको सुकारात्मक भूमिकामा कमी जातिगत अन्धविश्वास, कमजोर पढाई, घरमा शैक्षिक वातावरणको कमी हुनु, चाडै विवाह गर्नु, पढाईप्रतिको चासो कम हुनु शैक्षिक सामग्रीको अभाव, नियमित गृहकार्य नगर्नु जस्ता

विभिन्न साँस्कृतिक कार्यक्रम सञ्चालन हुनु यो यस्ता कारणले गर्दा उनीहरुको विद्यालय शिक्षामा सहभागिता कमी देखिन्छ ।

यसथै यी यस्ता विभिन्न कारणबाट लिम्बू बालबालिका विद्यालयीय शिक्षामा सहभागी हुन नसकेको खण्डमा यस्ता समस्यालाई कुनैपनि माध्यमबाट सम्भव भएसम्म समाधान गर्न सकेको खण्डमा सहभागितामा केही हदसम्म भएपनि बृद्धि गर्न सकिने देखिन्छ ।

## ४.४ कक्षा १ मा भर्ना भएका मध्ये कक्षा ५ सम्म पुग्ने लिम्बू समूदायका बालबालिकाको विवरण

लिम्बू समूदायका बालबालिकाहरुको कक्षा १ को भर्ना संख्याको अनुपातमा कक्षा ५ सम्म पुग्ने अनुपात कम देखिन्छ किनभने कक्षा छोड्ने, कक्षा दोहोर्‍याउने, कक्षामा नियमित रुपमा उपस्थित नहुनु जस्ता कारणहरुले प्राथमिक तह पूरा गर्ने दर घट्दो देखिन्छ । जसलाई तालिकामा देखाइएको छ :

**तालिका नं. ४.१२**

**कक्षा १ मा भर्ना भएका मध्ये लिम्बू बालबालिका कक्षा ५ मा पुग्ने लिम्बू विद्यार्थीहरुको संख्या विवरण**

| क्र.सं. | विद्यालयको नाम | कक्षा १ मा भर्ना भएको संख्या | | | कक्षा ५ मा पुग्नेको संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | श्री रत्न उ.मा.वि. | ५ | ४ | ९ | ५ | ३ | ८ (८८.८८%) |
| २ | श्री प्रजातन्त्र प्रा.वि. | ७ | ४ | ११ | ४ | ३ | ७ (६३.६३%) |
| ३ | श्री सिंहदेवी उ.मा.वि. | ७ | ६ | १३ | ६ | ४ | १० (७६.९२%) |
| ४ | श्री राष्ट्रिय दिव्येश्वरी प्रा.वि. | ४ | ६ | १० | ७ | २ | ९ (९०%) |
| | जम्मा | २३ | २० | ४३ | २२ | १२ | ३४ (८९.०६) |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९)

(नोट : कोष्ठभित्र देखाएको संख्याले लिम्बू बालबालिकाको कक्षा १ बाट कक्षा ५ मा पुग्ने प्रतिशत जनाउँछ ।)

माथि उल्लेखित तालिका अनुसार २०६४ को तथ्याङ्कमा कक्षा १ मा केटा २३ र केटी २० गरी जम्मा ४३ जना भर्ना भएकोमा कक्षा ५ मा केटा २२ र केटी १२ गरी जम्मा ३४ जना पुगेका थिए ।

यसरी २०६९ को तथ्याङ्क अनुसार कक्षा १ मा भर्ना भउका मध्ये ४३ (१००%) जना विद्यार्थीहरुमध्ये ३४ (८९.०६%) जना मात्र विद्यार्थीहरु कक्षा ५ सम्म पुग्न सफल भएको पाइयो ।

यसरी सोल्मा गा.वि.स. का सुङ्नाम गा.वि.स. अन्तरगत प्राथमिक विद्यालयमा लिम्बू जातिका कक्षा १ मा भर्ना भएका बालबालिकाहरु मध्ये ८९.०६% मात्र कक्षा ५ मा पुगेको देखिन्छ । यसलाई हेर्दा लिम्बू बालबालिकाको कक्षा छोड्ने, दोहोऱ्याउने क्रमलाई खासै त्यती नभएर पनि अन्य जातिको तुलनामा अलि बढी नै देखिन्छ । विद्यालय तर्फ हेर्दा श्री राष्ट्रिय दिव्येश्वरी प्रा.वि.मा ९०% विद्यार्थी कक्षा १ बामट कक्षा ५ मा पुग्न सफल भएका छने भने श्री प्रजातन्त प्रा.वि. मा सबैभन्दा कम ६३.६३% विद्यार्थी सफल हुन पुगेको देखिन्छ ।

यसर्थ उक्त तथ्याङ्कलाई हेर्दा जातिपनि लिम्बू विद्यार्थीहरु भर्ना भएका छन् उनीहरु अर्को कक्षामा जाँदा छोड्ने, दोहोऱ्याउने कारणहरु पत्ता लगाई समाधान गर्न सकेको खण्डमा अझै उनीहरुको विद्यालयीय शिक्षामा सहभागीता बढाउन सकिने देखिन्छ ।

## अध्याय पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

### ५.१ प्राप्ति

यस अध्ययन अन्तरगत विश्लेषण गरिएका तथ्याङ्कबाट निम्नानुसारका प्राप्तिहरु प्राप्त भएका छन् :

### ५.१.१ लिम्बू समूदायका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिताको स्थिति

- छनौटमा परेका विद्यालयहरुमा लिम्बू समुदायको बालबालिकाहरुको भर्ना अनुपात ३०.१९% प्रतिशत रहेको पाइयो ।
- लिम्बू समूदायका बालबालिकाहरुको शैक्षिक सहभागिताको स्थिति अध्ययन गर्दा जम्मा लिम्बू केटाकेटीको संख्या १२५ (५८.१३) प्रतिशत केटा र ९० (४१.८६%) प्रतिशत केटीको संख्या गरी जम्मा २०५ जना केटा र केटीको भर्ना रहेको देखिन्छ र केटा ५८.१३ प्रतिशत - केटी ४१.८६ प्रतिशत = १६.२७ प्रतिशत केटाको संख्या बढी भएको पाइयो ।
- छनौटमा परेका विद्यालयमा सबैभन्दा बढी लिम्बू जातिका बालबालिकाहरुको भर्ना संख्या श्री सिंहदेवी उ.मा.वि. र केटा ३५ र केटी २५ गरी जम्मा ६० पाइयो भने सबैभन्दा कम लिम्बू बालबालिका संख्या श्री रत्न उ.मा.वि. र केटा ५३ र २३ केटी गरी जम्मा ८८ पाइयो । त्यस्तै श्री राष्ट्रिय दिव्येश्वरी प्रा.वि. मा केटा ३५ र केटी १८ गरी जम्मा ५३ पाइयो ।
- छनौटमा परेका विद्यालयहरुमा लिम्बू बालबालिका र गैर लिम्बू बालबालिकाहरुको भर्नादरमा भिन्नता गैर लिम्बू ६६.०३ र लिम्बू ३३.९६ गरी जम्मा ३२.०७ प्रतिशत रहेको पाइयो ।
- छनौट गरिएका विद्यालयमा लिम्बू केटाकेटीको उमेरगत भर्ना अवस्थालाई हेर्दा ६०% प्राथमिक उमेरका पाइयो भने ४०% प्राथमिक उमेरभन्दा बढी वर्षका बालबालिकाहरु भर्ना भएको देखिन्छ ।
- अध्ययनका क्रममा लिम्बू जातिका बालबालिकाहरुको कक्षागत भर्नादरलाई हेर्दा कक्षा १, २, ३, ४, ५ मा केटाहरुको संख्या क्रमश: २८, २८, २३, २४, २२ र केटीहरुको संख्या क्रमश: २२, २२, १७, १७, १२ रहेको पाइयो । यसरी हेर्दा प्रत्येक कक्षामा हेर्दा केटाको संख्या बढी देखियो ।

- नमूना छनौटमा परेका विद्यालयको २०६८ सालको उपस्थिति हेर्दा लिम्बू जातिका बालबालिकाहरुको औषत सहभागिता दिन १४१ दिन (६४.६२%) रहेको पाइयो भने गैर लिम्बू बालबालिकाहरुको औषत उपस्थिति दिन १७५ दिन (७९.५४%) रहेको देखिन्छ ।

- छनौटमा परेका विद्यालयहरुमा कक्षा छाड्ने लिम्बू बालबालिकाको संख्या केटा १२ ( ५.५८%) र केटी १३ (६.०४%) जम्मा गरी २५ (११.६२%) रहेको पाइयो । जसमध्ये सबैभन्दा बढी श्री राष्ट्रिय दिव्येश्वरी प्रा.वि. मा १६.९७% बालबालिकाले कक्षा छाडेको पाइयो भने सबैभन्दा कम श्री सिंहदेवी उ.मा.वि. मा (५.०७%) बालबालिकाले कक्षा छाडेको पाइयो ।

- कक्षा दोहोऱ्याउने लिम्बू समूदायका बालबालिकाको संख्या केटा २४ (११.१६%) जना र केटी २७ (१२.५५%) गरी जम्मा ५१ (२२३.७२%) रहेको पाइयो । कक्षा दोहोऱ्याउनेमा पनि केटाको भन्दा बढी केटीको १३.७२-१२.५५=११.१७ पाइयो ।

- सबैभन्दा बढी कक्षा दोहोऱ्याउनेमा श्री सिंहदेवी उ.मा.वि. १६ (२७.११%) बालबालिकाहरु कक्षा दोहोऱ्याउने गरेको पाइयो भने सबैभन्दा कम श्री प्रजातन्त्र प्रा.वि. मा १० (१८.१८%) बालबालिकाले कक्षा दोहोऱ्याएको पाइयो ।

- छनोटमा परेका विद्यालयहरुमा कक्षा १ मा भर्ना गरिएका ४३ जना लिम्बु समुदायका विद्यार्थीहरु मध्ये कक्षा ५ मा पुग्ने विद्यार्थीहरुको संख्या ३४ (८९.०६%) पाइयो । जसमध्ये सबैभन्दा बढी कक्षा १ बाट ५ मा जाने संख्या श्री राष्ट्रिय दिव्येश्वरीमा ९ जना (९०%) र सबैभन्दा कम श्री प्रजातन्त्र प्रा.वि. ७ (६३.६३%) लिम्बू जातिका बालबालिकाहरु रहेको पाइयो ।

### ५.१.२ प्राथमिक तहमा लिम्बू समूदायका बालबालिकाहरुको विद्यालयमा शिक्षामा सहभागिताबारे दृष्टिकोण

- अध्यनको क्रममा अधिकांश शिक्षक, अभिभावक, शिक्षाप्रेमी तथा समाजसेवीले लिम्बू समुदायमा प्राथमिक तहका बालबालिकाहरुलाई विद्यालयमा भर्ना नगराउने कारणमा आर्थिक अवस्था कमजोर हुनु, कृषि कार्यमा सघाउनुपर्ने, छोराछोरीको भर्ना उमेर बढी हुनु, सन्तान धेरै, घरमा काम गर्नुपर्ने, घरमा भाइबैनीको हेरचाहन गर्ने, अशिक्षा जस्ता कारणहरु भएको पाइयो ।

- अधिकांश शिक्षक, शिक्षिकाले लिम्बू जातिका बालबालिकाको भर्नादर अन्य जातिको तुलनामा कम नै रहेको भन्ने प्रतिक्रिया पाइयो ।

- शिक्षक, अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया अनुसार लिम्बू विद्यार्थीहरुको कक्षा छोड्ने, दोहोऱ्याउने र नियमित उपस्थिति नहुने कारणहरु यस प्रकार रहेका छन् जसलाई क्रमशः प्रस्तुत गरिएको छ :

**(क) लिम्बू समूदायका बालबालिकाहरुको कक्षा छोड्ने कारणहरु**

- आर्थिक अवस्था कमजोर हुनु,
- पढ्ने वातावरण उपयुक्त नहुनु,
- अभिभावकहरु कम उत्तरदायित्व हुनु,
- आम्दानीको अभाव हुनु,
- कृषि कार्यमा सहयोग पुऱ्याउनु,
- नियमित रुपमा अनुर्तिण हुनु,
- भाषाको कठिनाइ,
- अन्य कारणहरु

**(ख) लिम्बू समूदायका बालबालिकाहरुले कक्षा दोहोऱ्याउने कारणहरु**

- विद्यार्थीहरुको कक्षामा न्यून सहभागिता ।
- पढ्ने वातावरण उपयुत्त नहुनु ।
- अभिभावकहरले विद्यार्थीको पढाइमा चासो नदिनु ।
- विद्यालयमा नियमित रुपमा पढाइ नहुनु ।
- भाषाको कठिनाई ।
- नियमित रुपमा अनुतिर्ण हुनु ।
- अन्य कारणहरु

**(ग) लिम्बू समूदायका बालबालिकाहरु नियमित विद्यालय उपस्थित नहुने कारणहरु**

- भाषागत समस्या ।
- अभिभावकको साक्षरताको कमि हुनु ।
- आर्थिक अवस्था कमजोर हुनु ।

Z विद्यालयमा मनोरञ्जनका शैक्षिक सामग्रीको अभाव हुनु ।

Z शैक्षिक वातावरण उपयुक्त नहुनु ।

Z कृषि तथा घरायसी कार्यमा सहयोग गर्नुपर्ने कारणले ।

Z विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप नहुनु ।

Z विद्यालयमा पढ्ने उचित वातावरण नहुनु ।

) शिक्षित अभिभावकहरु आर्थिक रुपमा सम्पन्न, संयुक्त परिवार, माथिल्लो कक्षा पढ्ने दाजुभाई, दिदीबहिनी भएका परिवारमा नियमित रुपमा लिम्बू बालबालिकाहरुलाई विद्यालय शिक्षामा पढाउने गरेको पाइयो ।

) लिम्बू समूदायका बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागितामा बाधा पुऱ्याउने कारणहरुमा आर्थिक कारण, पारिवारिक कारण, सामाजिक कारण, चेतनाको अभाव जस्ता विविध कारणहरु प्रमुख रुपमा रहेको प्रतिक्रिया शिक्षक अभिभावकहरुको पाइयो ।

) विद्यार्थीहरु विद्यालयमा कहिलेकाही मात्र जाने कारणको सम्बन्धमा विद्यार्थीहरुबाट पाएको प्रतिक्रिया कृषि कार्यमा समयमा घरमा काम गर्नु पर्ने गृहकार्य वा कक्षा कार्य नगरेमा शिक्षकहरबाट दण्ड सजाय पाउने डर, कक्षामा पढाएको नबुझ्नु, विद्यालयमा पढाइ बाहेक अन्य अतिरिक्त क्रियाकलाप नहुनु भएपनि त्यती सामेल नगराउनु विभिन्न साँस्कृतिक कार्यहरु संचालन हुनुन जस्तो पाइयो ।

) नमूना छनौटमा परेका सामुदायिक प्राथमिक विद्यालयहरुमा कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने तथा उत्तिर्णदर अन्य विद्यार्थीहरुको भन्दा बढी पाइयो ।

) लिम्बू बालबालिकाहरको प्राथमिक तहमा उमेरगत जनसंख्याको आधारमा सहभागिता न्यून रहनाका कारणहरुमा शिक्षा क्षेत्रमा अभिभावकहरुको न्युन लगानी, घरपरिवारमा पढ्ने वातावरण नहुनु, निर्देशन गर्ने अभिभावकहरुको अभाव, विद्यालयमा मातृभाषाबाट पठन पाठन नहुने तथा अतिरिक्त क्रियाकलापमा लिम्बू बालबालिकाहरुलाई संलग्न आदि कुरा रहेको प्राप्ति भयो ।

) लिम्बूहरु प्राय संयुक्त परिवारमा रहने र साक्षर नभएकाले उनीहरुले अझै शिक्षाको महत्व बुझेका छैनन् । यिनीहरु प्रायजसो जाँडरक्सी खाने आफ्नै भेषभूष, रीतिरिवाज र परम्परामा रमाउने गर्दछन् । यसर्थ आर्थिक अवस्था कमजोर भएकोले यिनीहरु मजदुरी गर्ने, भारी बोक्ने, अर्काको घरमा काम गर्न जाने जस्ता कुराहरुको अध्ययनबाट पाइयो ।

- लिम्बू जातिमा छात्रको भन्दा छात्राहरको संख्या बढी हुनुमा अभिभावकको भेदभाव, अन्धविश्वास, पढाइभन्दा घरको काममा बढी सहभागिता आदि कारणले शैक्षिक सहभागितामा कमी भएको पाइयो ।

### ५.१.३ प्राथमिक तहमा लिम्बू समूदायका बालबालिकाहरुको शैक्षिक सहभागितामा कमी हुनाका कारणहरु

अध्ययनका क्रममा छनौटमा परेका लिम्बू समूदायका बालबालिका अध्ययन गर्ने सामूदायिक प्राथमिक विद्यालयहरुमा लिम्बू बालबालिकाहरुको शैक्षिक सहभागितामा विभिन्न समस्याहरु देखिएको कूरा, अनुसन्धानको क्रममा छनौट गरिएका शिक्षक, अभिभावक, विद्यार्थी, शिक्षाप्रेमी आदिको अर्न्तवार्ता, प्रश्नावली दिएको प्रतिक्रियाबाट प्राप्त हुन्छ । जसलाई यसरी बुँदागत रुपमा दिइएको छ ।

- अभिभावकहरुको आर्थिक समस्या ।
- अभिभावकहरुको चेतनाको अभाव ।
- विद्यालय तथा विद्यार्थीको कमजोर पढाइ ।
- बालबालिकाको पढाइप्रति अभिभावकले चासो नदिनु ।
- विद्यार्थीहरुले नियमित गृहकार्य नगर्नु ।
- बालबालिकाहरु अतिरिक्त क्रियाकलापमा कम सहभागिता हुनु ।
- घरमा शैक्षिक वातावरणको कमी हुनु ।
- कक्षागत उमेर नमिल्नु ।
- जातिगत अन्धविश्वास ।
- भाषागत समस्या ।
- बालबालिकाले पढाइप्रति चासो नदिनु ।
- सानै उमेरमा विवाह समय नमिल्नु ।
- घरायसी कामको बोझ हुनु ।
- विद्यालयले सबैलाई छात्रवृत्ति र पोशाक उपलब्ध गराउन नसक्नु ।
- परीक्षामा असफल हुनु ।
- स्वास्थ्यको कारण ।

- Z विद्यालयमा पर्याप्त खेल मैदान र शैक्षिक सामग्रीको अभाव हुनु ।
- Z दाजुदिदीको देखासिकी गर्नु ।

## ५.२ निष्कर्ष

यो अध्ययन पूर्वाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने कोशी अञ्चल तेह्रथुम जिल्लाको सोल्मा, सुङ्नाम गा.वि.स. मा रहेको लिम्बू समूदाय भएका विद्यालय क्षेत्रमा प्राथमिक तहका सामूदायिक विद्यालयहरुमा "प्राथमिक तहमा लिम्बू समूदायको शैक्षिक सहभागिता" विषयको शीर्षकमा अध्ययन गरिएको थियो । यस अध्ययनको मुख्य उद्देश्यहरुमा लिम्बू जातिका बालबालिकाहरुको प्राथमिक शिक्षामा सहभागिताको स्थिति पहिचान गर्नु, लिम्बू जातिका प्राथमिक तहका छात्रछात्राहरु विद्यालय नजानु, कक्षा दोहोऱ्याउने र बिचैमा कक्षा छाड्नुका कारणहरु पत्ता लगाई उपयुक्त सुझावहरु प्रस्तुत गरिएको छ ।

अध्ययनको क्रममा सोल्मा सुङ्नाम गा.वि.स. अन्तरगत लिम्बू बस्ती भएका विद्यालय क्षेत्रमा सामुदायिक प्राथमिक विद्यालय तहमा लिम्बू बालबालिकाहरुको विद्यालयमा उपस्थिति कम देखियो ।

त्यसमा पनि प्रत्येक विद्यालयमा लिम्बू केटाको संख्या लिम्बू केटीको संख्या कम देखियो । लिम्बू बस्तीकै नजिक नजिक रहदा पनि प्रत्येक विद्यालयमा लिम्बू बालबालिकाको संख्या कम देखिनुमा आर्थिक, सामाजिक, पारिवारिक, साँस्कृतिक, चेतनाको कमि जस्ता प्रभावहरु देखियो । विद्यालयमा अध्ययनरत छात्रछात्राहरु पनि नियमित रुपमा विद्यालयमा अध्ययनरत छात्रछात्राहरु पनि नियमित रुपमा विद्यालय सहभागिता नभएको र बारम्बार अनुतिर्ण भएको, धेरैले कक्षा दोहोऱ्याउने गरेको, साथै केही लिम्बू बालबालिकाहरु भने नियमित रुपमा विद्यालयमा उपस्थिति नभएको र बारम्बार अनुतिर्ण बालबालिकाहरु भने नियमित रुपमा विद्यालयमा सहभागिता भएको पाइयो । प्रायजसो विद्यालयहरुमा केटाहरको तुलनामा कक्षामा भर्ना हुने उत्तिर्ण हुने तथा अन्य क्रियाकलापमा संलग्न हुने कार्यमा केटीको सहभागितामा कमी देखियो भने कक्षा दोहोऱ्याउने, नियमित नहुने, असफल हुनेमा केटाको तुलनामा भन्दा केटीको संख्या बढी देखिन्छ ।

विद्यालयमा अध्ययनरत छात्रछात्राहरु पनि केही केही छात्रछात्रालाई छाडेर धेरैजसो छात्रछात्राहरु शैक्षिक स्तरमा कमी, अध्ययनमा रुचि नराख्ने, विद्यालयमा हुने अतिरिक्त क्रियाकलाप तथा बौद्धिक खालका कार्यक्रमहरुमा पनि उनीहरुको उपस्थिति कमै हुने गरेको पाइयो । लिम्बू शिक्षक शिक्षिका भएका विद्यालयहरुमा छात्रछात्राहरुलाई विद्यालय सहभागितामा केही सकारात्मक प्रभाव परेको पाइएता पनि विद्यालयमा अन्य जातिका छात्रछात्राहरुबाट आफूहरु अलि अपहेलित हुनुपरेको महसुस लिम्बू समुदायका बालबालिकाहरुले गर्ने गरेको पाइयो । अशिक्षित अभिभावक, घरायसी वातावरण, शैक्षिक पृष्ठभूमि नहुदा उनीहरुमा पढाइप्रतिको धारणामा कमजोर भएको, आर्थिक अभाव, गरिबी, कृषि कार्यमा संलग्न हुनुपर्ने बाध्यता, निर्देशन गर्ने अभिभावकको कमिका कारणले लिम्बू बालबालिकाहरुको विद्यालय शिक्षामा

सहभागितामा कमि भएको पाइन्छ । तर पछिल्ला समयमा भएका परिवर्तनसँगै उनीहरुको धारणामा पनि पढ्नुपर्छ भन्ने भावनाको विकास हुँदै गरेको देखिन्छ ।

कक्षागत रुपमा भर्नादर हेर्दा कक्षा १ मा भर्ना भएका मध्ये कक्षा ५ मा पुग्ने लिम्बू बालबालिका वा विद्यार्थीहरुको प्रतिशत ८९.०९% पाइन्छ । यो संख्या अन्य जातिका विद्यार्थीहरुको संख्याको तुलनामा कम भएकोले यसबाट लिम्बू समूदायका प्राथमिक तहमा भर्ना भएका मध्ये कक्षा छाड्ने र दोहोऱ्याउने बालबालिकाहरुको संख्या नै बढी देखिन्छ । अध्ययनका क्रममा नमूना छनौटमा परेका ४ वटा विद्यालयको २०६८ सालको उपस्थिति हेर्दा पनि अन्य जातिका बालबालिकाको तुलनामा लिम्बू जातिका बालबालिकाहरुको उपस्थिति कम रहेको देखिन्छ ।

यसरी अध्ययनका क्रममा छनौटमा परेका २ वटा गा.वि.स. (सोल्मा र सुङ्नाम) का ४ वटा प्राथमिक विद्यालयको अध्ययन गर्दा लिम्बू समूदायका बालबालिकाहरुले कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने, विचैमा छोड्ने र नियमित रुपमा उपस्थिति नहुने कारणहरुमा आर्थिक अवस्था कमजोर, चेतनाको कमी, अनुतिर्ण हुने, घरायसी तथा कृषि कार्यमा व्यस्तता, सहि निर्देशन गर्न अभिभावकको कमी, विद्यालयमा पढ्ने वातावरणको अभाव, अभिभावकहरुमा शिक्षाको कमी, जातिगत अन्धविश्वास तथा कम उमेरमा विवाह गर्नुपर्ने आदि कारणहरु पाइयो । यसै क्रममा विद्यालयमा विचैमा छाड्ने, कक्षा दोहोऱ्याउने, भर्ना भएका लिम्बू बालबालिकाहरुलाई के-कसरी विद्यालयमा सहभागिता गराउन सकिन्छ भन्ने सम्बन्धमा लिम्बू अभिभावक, विद्यार्थी, शिक्षक, शिक्षिका, शिक्षाप्रेमी तथा समाजसेवीहरुले निम्न कुरा जनचेतनामा बृद्धि, आर्थिक सहयोग, छात्रवृत्तिको व्यवस्था जनचेतनामूलक कार्यक्रम, लिम्बू बालबालिकाहरुलाई प्रोत्साहन एवं पुरस्कारको व्यवस्था, उनीहरुसँग लक्षित कार्यक्रम, लिम्बू भाषाको पढाइमा विस्तार लगायतका कार्यक्रमहरु ल्याउन सकेमा लिम्बू समूदायका बालबालिकाहरुलाई विद्यालय शिक्षामा सहभागिता गराउन सकिने कुरा बताए ।

## ५.३ सुझावहरु

प्राथमिक तहमा लिम्बू जातिको शैक्षिक सहभागिता विषयक प्राथमिक तहका लिम्बू जातिका विद्यार्थीहरुको विद्यालयमा शिक्षामा सहभागिताको स्थिति पहिचान गर्न, कक्षा छाड्ने दोहोऱ्याउने दर पत्ता लगाई, बिचैमा विद्यालय छोड्ने साथै शैक्षिक सहभागितामा कमी हुनाका कारणहरु पत्ता लगाई समाधानका उपयुक्त सुझावहरु प्रस्तुत गर्न, शिक्षक, विद्यार्थी, प्र.अ., अभिभावक, शिक्षाप्रेमी तथा समाजसेवीहरुलाई अन्तरवार्ता प्रश्नावलीको माध्यमद्धारा प्रतिक्रिया लिइयो । जसको आधारमा अध्ययन अनुसन्धान विश्लेषण गरिएको छ । विद्यार्थीहरुले कक्षा दोहोऱ्याउनु, कक्षा छाड्नु, शैक्षिक सहभागितामा कमी हुनाका कारणहरु पत्ता लगाउन शिक्षक, प्र.अ., अभिभावक, विद्यार्थी, समाजसेवी सँग अन्तरवार्ता गरी प्रतिक्रिया लिइयो । जस अनुसार शैक्षिक स्थिति अन्तरगत सहभागिता बढाउन कक्षा छोड्ने तथा दोहोऱ्याउने दर घटाउनका लागि अध्ययनको आधारमा निम्नानुसारका सुझावहरु दिइएका छन् :

- लिम्बू बालबालिकाहरुको विद्यालयमा छात्रभन्दा छात्राको भर्नादर कम देखिएकोले छात्रा संख्या बढाउनका लागि विशेष शिक्षाको व्यवस्था गर्नुपर्ने, छात्राहरुको रुचि र क्षमता अनुसार अतिरिक्त क्रियाकलापमा सरिक गराउने र पुरस्कारको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

- विद्यालयमा लिम्बू विद्यार्थीहरुको विद्यालयमा नजाने प्रमुख कारण आर्थिक समस्या भएकोले गर्दा हो । जसको लागि लिम्बू बालबालिकाहरुलाई प्रदान गरिने प्राथमिक तहको छात्रवृत्तिमा बृद्धि तथा पोशाक, कापी र अन्य शैक्षिक सामग्रीको निःशुल्क व्यवस्था गर्नुपर्ने देखिन्छ ।

- अन्य जातिका विद्यार्थीहरुको तुलनामा लिम्बू जातिका बालबालिकाहरुको औषत उपस्थिति कम देखिएकोले सोल्मा र सुङ्नाम गा.वि.स. मा जनजातिका लागि शिक्षाको बारेमा समाजमा प्रतिष्ठित व्यक्तिहरु, राजनीतिक कार्यकर्ता, शिक्षक, अभिभावकहरुलाई शिक्षाप्रति अभिप्रेरित हुने खालका चेतनामूलक कार्यक्रमहरु र गोष्ठी, सेमिनार, छलफल आदिमा भाग लिन लगाउनु पर्ने देखिन्छ ।

- कक्षा १ मा भर्ना भएका विद्यार्थीहरु मध्येमा लिम्बू जातिका विद्यार्थीहरु कक्षा ५ मा पुग्ने संख्या अन्य जातिको तुलनामा कम देखिएकोले लिम्बू अभिभावकहरुमा अनौपचारिक शिक्षा अन्तरगत प्रौढ शिक्षा कार्यक्रम संचालन गरी अभिभावकमा साक्षरता दर बढाई चेतनामूलक कार्यक्रम दिने ।

- भाषागत समस्या भई विद्यालय उपस्थित हुन नसकेका लिम्बू विद्यार्थीहरुको लागि उनीहरु पढ्ने सबै विद्यालयमा लिम्बू भाषा बाट अनिवार्य रुपमा पढाई तथा लिम्बू शिक्षक शिक्षिकाको व्यवस्था गरे राम्रो हुने थियो ।

- नियमित रुपमा कक्षामा उपस्थित नहुने विद्यार्थीहरुलाई विद्यालयले थप आन्तरिक कक्षा संचालन अनिवार्य रुपमा गरिनुपर्दछ ।

- लिम्बू समूदायका विद्यार्थीहरुको कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने प्रवृत्तिलाई घटाउन मातृभाषामा शिक्षण गर्ने लिम्बू शिक्षकको नै व्यवस्था गर्ने, पौष्टिक आहारा, छात्रवृत्ति पोशाक एवं खाजाको व्यवस्था, शैक्षिक सामग्रीको नियमित रुपमा प्रयोग गर्नुपर्ने तथा विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाउनुपर्ने देखिन्छ ।

- शिक्षकहरुबाट कक्षामा विभिन्न जातका विद्यार्थी भएता पनि जातिगत आधारमा कोही ठूलो सानो नहुने र भेदभाव गर्ने नहुने बारेमा चेतना दिनुपर्ने देखिन्छ ।

- विद्यालयमा लिम्बू छात्रको भन्दा छात्राको भर्नासंख्या दर कम भएकाले साधारणतया विद्यालयमा कम्तिमा १ जना लिम्बू महिला शिक्षिकाको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

- शिक्षक, अभिभावक संघको सक्रियतामा छोराछोरीलाई विद्यालय नपठाउने अभिभावकहरुका लागि घरदैलो कार्यक्रम गरी विद्यालय पठाउन दिनु पर्ने  देखिन्छ ।

- सरकारी तथा गैरसरकारी संस्थाहरुले बढी सक्रिय भई लिम्बू जातिको आर्थिक पक्षमा टेवा पुऱ्याउने खालका कार्यक्रमहरु जस्तै, कुखुरापालन, मौरीपालन, बेतबासको काम, विद्युत मर्मत सम्भार, रेडियो, टि.भि., मोबाइल मार्फत, तरकारी तथा फलफूल खेती जस्ता घरेलु उद्योगहरु सञ्चालन गर्न सहयोग पुऱ्याउने व्यवसथ गर्नुपर्ने देखिन्छ ।

- सन् २०१५ सम्ममा सबैलाई शिक्षा पुऱ्याउने नीति बमोजिम विभिन्न कार्यक्रम सञ्चालन भएकोमा ती कार्यक्रमहरुलाई विषेशगरी दलित, पिछडिएको वर्ग र जनजाति भएका ठाउँमा संचालन गर्नुपर्ने देखिन्छ ।

- प्लान नेपालको तथ्याङ्क अनुसार विद्यालय छाड्ने विद्यार्थीहरुमध्ये शिक्षकहरुबाट पाउने सजायका डरले विद्यालय छाड्ने विद्यार्थीहरुको संख्या १४% हुन्छन् । त्यसैले यस्तो पिट्ने, गाली गर्ने, दुर्वचन बोल्ने, अपमानजनक रुपमा व्यवहार गर्ने, शौचालयमा थुन्ने कार्य पर्दछन् । यस्ता कार्यबाट विद्यार्थीहरुको मनोबल घट्दछ । त्यसैले यस्ता कार्यबाट सुधार गर्न विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई सम्मानजनक सिकाइ प्रवद्धन सहित शिक्षा हासिल गर्न सक्ने भएमुक्त सिकाई उपलब्धि हासिल गर्न वातावरण सृजना गर्न शिक्षक शिक्षिकालाई बालमनोवैज्ञानिक तवरले अध्यापन गराउने तालिम दिइनुपर्दछ ।

- यसर्थ अन्त्यमा अध्ययन क्षेत्रमा प्राथमिक तहमा लिम्बू समूदायका बालबालिकाको शैक्षिक सहभागिता बढाउन, कक्षा छाड्नेदर, दोहोऱ्याउने दर घटाउनको लागि निम्न उपायहरु अपनाउनुपर्ने कुरा सुझावहरुको रुपमा दिन सकिन्छ :-

  - लिम्बू विद्यार्थी अध्ययनरत विद्यालयमा लिम्बू भाषाबाट पढाइ हुने व्यवस्थालाई अनिवार्य गर्नुपर्दछ ।

  - विद्यालय स्थानिय टोलमै स्थापना गर्नुपर्दछ । यदि टाढा भएमा यातायातको व्यवस्था गर्नुपर्दछ ।

  - बालमनोविज्ञान बुझेर मायालु वातावरणमा रोचक चित्रसहितका पाठ्यसामाग्री उपलब्ध गराई पठनपाठन गर्नुपर्दछ ।

  - विद्यालयमा लिम्बू जाति लगायत दलित तथा पिछडिएका वर्गलाई सम्मान व्यवहार गर्न हौसला प्रदान गर्ने व्यवस्था हुनुपर्दछ ।

  - उमेर अनुसार खेल सामग्री हुनुपर्दछ ।

- Z विद्यालय खाजाको व्यवस्था हुनुपर्दछ ।
- Z अभिभावकले घरको कामबाट फूर्सद दिई बालबालिकाहरुलाई विद्यालय पढ्न पठाउनुपर्दछ ।
- Z विद्यार्थीहरुबिच सहयोग, समझदारी र माया ममता गर्न सिकाउनुपर्दछ ।
- Z खानेपानी, चर्पी, डेक्स, बेन्च पर्याप्त मात्रामा हुनुपर्दछ ।
- Z विद्यालयलाई शान्ति क्षेत्रको मान्यता प्रदान गरी सुरक्षाकर्मी तथा विद्रोहीले प्रयोग नगरी स्वतन्त्ररुपमा बालबालिकाहरुको पठनपाठनमा सहयोग पुऱ्याउनुपर्दछ । यस्ता कार्यहरु गर्न सकेमा बालबालिकाहरुको शैक्षिक सहभागितामा बृद्धि हुन गै विद्यालय, बीचैमा छोड्ने र कक्षा दोहोऱ्याउनेबाट रोक्न सकिन्छ । यसका साथै शिक्षक, अभिभावक, शिक्षाप्रेमी, स्थानीय संघसंस्थाहरु, आमा समूह, स्थानीय क्लव आदिले बिचैमा विद्यालय जान छोड्ने बालबालिकाको निगरानी राखी उनीहरुको समस्या सुल्झाउनु सकेमा यी समस्याहरु समाधान हुन जान्छन् । जसले गर्दा यस अध्ययनले उद्देश्य र सबैका लागि शिक्षाले राखेका उद्देश्य पूरा गर्न सघाउ पुग्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


खनाल, पेशल (२०६५), *शैक्षिक अनुसन्धान पद्दति,* काठमाण्डौं : स्टुडेन्ट बुक्स, पब्लिकेशन एण्ड डिष्ट्रिब्युटर्स ।

घिमिरे, जनार्दन (१९९७), *धनकुटा र नुवाकोट जिल्लाका प्राथमिक तहमा छात्राहरुको भर्ना स्थिति एक अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

नेकपा एमाले तेह्रथुम काठमाण्डौं सम्पर्क मञ्च (२०६६), काठमाण्डौं : तीनजुरे वार्षिक मुखपत्र ।

पाण्डेय, मधुसुधन (२०६५), *नेपालमा पिछडिएका वर्गहरु,* काठमाण्डौं : पैरवी प्रकाशन ।

भट्टराई, (२०६१), *प्राथमिक विद्यालयमा दलित विद्यार्थीहरुको सहभागिता,* अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

मरहट्ठा, सुलोचना (२०६१), *कुमाल बालबालिकाहरुको शैक्षिक सहभागिता,* अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

राई, दिलेन्द्र (२०६८), *आदिवासी जनजाति जर्नल,* जावलाखेल, नेपाल सरकार, आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ।

सुब्बा, जसराज (२००५ ई.सं.), *लिम्बू जातिको परिचय,* काठमाण्डौं : कियाचु ।

सेरिड (२०५८), *दुर्गम क्षेत्रका विपन्न वर्गका बालबालिकाले शिक्षाको अवसर पाउन नसक्नाका कारक तत्वहरु,* त्रिपुरेश्वर, सेरिड ।

शर्मा (२०६३), *शिक्षाको दर्शन शास्त्रीय र समाजशास्त्रीय आधार,* भोटाहिटी, काठमाण्डौं : एम.के. पब्लिसर्श, काठमाण्डौं : शिक्षक प्रशिक्षण निर्देशिका ।

Best, John W. and Khan James V. (2009), *Research in Education* (Ten editions) New Delhi : PHI Learning Private Limited.

CBS (2011), *Population of Nepal Village Development Committee Population Selected Tables.*

CERID (1950), *Educationally Disadvantaged Population Group: A Study Report of CERID*, T.U., Kirtipur, Kathmandu.

CERID (1987), *Aningnory in to cause of Primary School dropouts in rural Nepal.*

DOE (2067), *Flash Report I and II,* Sanothimi, Bhaktapur.

T.B.R., Swayam Prakash (2012), *A Guideline for Thesis writing in Masters Degree in Education.* Kathmandu : Central Department of Education, T.U. Kirtipur.

## अनुसूची १

## छनौटमा परेका विद्यालयका शिक्षक शिक्षिकाहरुको नामावली, २०६९

| क्र.सं. | विद्यालयको नाम | शिक्षकको नाम | योग्यता | शिक्षण अनुभव | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री रत्न उ.मा.वि. | इश्वरी प्र. खनाल | एम.एड. | ८ वर्ष | तालिम प्राप्त |
| | | दधिराम न्यौपाने | एस.एल.सी. | १३ वर्ष | तालिम प्राप्त |
| | | बलि सुब्बा | बि.ए.सी. | १० वर्ष | तालिम प्राप्त |
| २ | श्री प्रजातन्त्र प्रा.वि. | शुसिला तिमल्सिना | आइ.एड. | १५ वर्ष | तालिम प्राप्त |
| | | राम ब. मगर | आइ.ए. | १८ वर्ष | तालिम प्राप्त |
| | | हरि ब. लिम्बू | बि.एड. | १० वर्ष | तालिम प्राप्त |
| ३ | श्री सिंहदेवी उ.मा.वि. | सिता बराल | एस.एल.सी. | १२ वर्ष | तालिम प्राप्त |
| | | राजन खतिवडा | आइ.ए. | १५ वर्ष | तालिम प्राप्त |
| | | हर्क ब. लिम्बू | बि.एड. | ८ वर्ष | तालिम प्राप्त |
| ४ | श्री राष्ट्रिय दिव्येश्वरी प्रा.वि | छत्र ब. कार्की | आइ.ए. | ५ वर्ष | तालिम प्राप्त |
| | | दिनेश खनाल | एस.एल.सी. | १० वर्ष | तालिम प्राप्त |
| | | देबेन्द्र कार्की | आइ.ए. | १६ वर्ष | तालिम प्राप्त |

## अनुसूचि २

## छनौटमा परेका अभिभावकहरुको नामावली, २०६९

| क्र.सं. | अभिभावकको नाम | उमेर (वर्षमा) | पेशा | विद्यालय क्षेत्र |
|---|---|---|---|---|
| १ | बल ब. लिम्बू | ३९ | कृषि | श्री रत्न उ.मा.वि. |
| २ | बुद्धि ब. लिम्बू | ३६ | कृषि | |
| ३ | चित्र ब. लिम्बू | ५४ | भू.पू पुलिस | |
| ४ | श्याम ब. लिम्बू | २२ | कृषि | श्री प्रजातन्त्र प्रा.वि. |
| ५ | हर्क लिम्बू | २९ | कृषि | |
| ६ | हरि लिम्बू | ४२ | कृषि | |
| ७ | कृष्ण लिम्बू | ५९ | भू.पू. सैनिक | |
| ८ | तेज प्रकाश लिम्बू | ३५ | कृषि | |
| ९ | अर्जुन लिम्बू | ४९ | भू.पू. सैनिक | श्री सिंहदेवी उ.मा.वि. |
| १० | राम कुमारी लिम्बू | ३८ | कृषि | |
| ११ | मिन ब. लिम्बू | ४१ | कृषि | |
| १२ | शान्ति लिम्बू | ४२ | कृषि | |
| १३ | इन्द्रकला लिम्बू | ५० | व्यापार | श्री राष्ट्रिय दिव्येश्वरी प्रा.वि. |
| १४ | सुमन लिम्बू | ६२ | भू.पू. सैनिक | |
| १५ | चेतन लिम्बू | ३४ | कृषि | |
| १६ | चन्द्र लिम्बू | ३८ | कृषि | |

## अनुसूचि ३

## छनौटमा परेका विद्यालयहरुका विद्यार्थीहरुको नामावली, २०६९

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थीको नाम | कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | श्री रत्न उ.मा.वि. | विकास लिम्बू | ५ | |
| | | सुस्मिता लिम्बू | ५ | |
| | | संगिता लिम्बू | ४ | |
| | | चित्र ब. लिम्बू | ४ | |
| | | अर्जुन लिम्बू | ३ | |
| २. | श्री प्रजातन्त्र प्रा.वि. | बिना लिम्बू | ५ | |
| | | किरण लिम्बू | ५ | |
| | | सन्तोष लिम्बू | ४ | |
| | | रन्जु लिम्बू | ४ | |
| | | दिपक लिम्बू | ३ | |
| ३. | श्री सिंहदेवी उ.मा.वि. | मन ब. लिम्बू | ५ | |
| | | शेर ब. लिम्बू | ५ | |
| | | प्रनिता लिम्बू | ४ | |
| | | दिव्य लिम्बू | ४ | |
| | | ममता लिम्बू | ३ | |
| ४ | श्री दिव्येश्वरी राष्ट्रिय प्रा.वि. | संगिता लिम्बू | ५ | |
| | | सरोज सुव्वा | ५ | |
| | | मिना लिम्बू | ४ | |
| | | राजेश लिम्बू | ४ | |
| | | शुष्मा लिम्बू | ३ | |

# अनुसूचि ४

## नमूना छनौटमा परेका शिक्षाप्रेमि तथा समाजसेवीको नामावली

| क्र.सं. | नाम | उमेर | पेशा | विद्यालयको क्षेत्र |
|---|---|---|---|---|
| १ | तेज ब. लिम्बू | ४५ | शिक्षक | श्री रत्न उ.मा.वि. |
| २ | गोपाल आचार्य | ६२ | व्यापार | श्री रत्न उ.मा.वि. |
| ३ | सुकदेव खनाल | ५५ | शिक्षक | श्री प्रजातन्त्र प्रा.वि. |
| ४ | सोमराज नेपाली | ४८ | शिक्षक | श्री प्रजातन्त्र प्रा.वि. |
| ५ | गंगाराम खनाल | ४३ | कृषि | श्री सिंहदेवी उ.मा.वि. |
| ६ | शिवराज बास्तोला | ५२ | नोकरी | श्री सिंहदेवी उ.मा.वि. |
| ७ | खिलनाथ खड्का | ६० | स्रोत व्यक्ति | श्री राष्ट्रिय दिव्येश्वरी प्रा.वि |
| ८ | देवी प्रसाद पौडेल | ७१ | राजनीति | श्री राष्ट्रिय दिव्येश्वरी प्रा.वि |

# अनुसूचि ५

## कक्षा अवलोकन फारमको नमूना

अध्ययन क्षेत्रका लिम्बू छात्रछात्राहरुले कक्षा अवलोकन गर्ने तयार गरिएको अवलोकन फारम

विद्यालयको नाम :

कक्षा :

विषय :

घण्टी :

शिक्षकको नाम :

जम्मा विद्यार्थी संख्या :

लिम्बू विद्यार्थी संख्या          अन्य विद्यार्थी संख्या

छात्र -          छात्र -

छात्रा -          छात्रा -

| क्र.सं. | विवरण | ५ | ४ | ३ | २ | १ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षागत सक्रियता | | | | | | |
| २ | बसाईको स्थिति | | | | | | |
| ३ | प्रश्न साध्ने कुरामा | | | | | | |
| ४ | उत्तर दिने कुरामा | | | | | | |
| ५ | कक्षकार्य र गृहकार्य | | | | | | |
| ६ | छलफल | | | | | | |
| ७ | अनुशासन | | | | | | |
| ८ | सरसफाई | | | | | | |
| ९ | पाठ्यपुस्तक र अन्य शैक्षिक सामाग्रीको प्रयोग | | | | | | |
| १० | पठप्रतिको आकर्षण | | | | | | |
| ११ | शिक्षकले कक्षाकोठामा विद्यार्थीलाई गर्ने व्यवहार | | | | | | |
| १२ | विद्यार्थीलाई गर्ने दण्ड र पुरस्कारको व्यवस्था | | | | | | |

# अनुसूचि ६

## शिक्षकका लागी अर्न्तवार्ता

**विद्यालयको नाम** : **मिति** :

**शिक्षकको नाम** : **उमेर** :

**योग्यता** : **अनुभव** :

**लिङ्ग** :

**स्थायी ठेगाना** :

**विशिष्टीकरण** :

१) तपाईको विद्यालयमा कुन जातिका वालवालिकाको सहभागीता वढी छ ?

-

२) लिम्बू वालावालिकाको भर्ना स्थिति कस्तो रहेको छ ?

-

३) भर्ना भएका वालवालिका मध्ये पनि छात्र वा छात्रा कसको भर्नादर वढी छ ?

-

४) कक्षा १ मा भर्ना कुन उमेर समुहको वढी रहेको छ ?

-

५) कक्षामा सक्रिय छन् या छैनन् ? छैनन् भने किन ?

-

६) लिम्बू वालवालिकाहरु कत्तिको पढाईप्रति रुचि राख्छन् ?

-

७) लिम्बू वालवालिकाहरु कत्तिको पढाईप्रति रुचि राख्छन् ?

-

८) नियमित रुपमा तपाईहरुले दिएको कक्षा कार्य /गृहकार्य गर्छने या गर्दैनन् ? गर्दैनन् भने के कारण हुनसक्छ ?

-

९) तपाईको विचारमा लिम्बू वालवाालिकाको शिक्षाको लागीयस विद्यालयले कक्षा छाड्नेर दोहार्याउने लिम्बू विद्यार्थीहरु छन् कि छैनन् ?

-

१०) लिम्बू वालवालिकाको शिक्षाको लागी यस विद्यालयले केही व्यवस्था गरेको छ ? भए के के होलान् ।

-

११) यस तहमा (१-५) तपाइको विद्यालयमा कक्षा छाड्ने वा दोहोर्याउने लिम्बू विद्यार्थीहरु छन् कि छैनन् ?

-

१२) कुन कुन कारणले लिम्बू वालवालिकाहरु कक्षा छाड्ने र दोहोर्याउने गर्दछन् ?

-

१३) छात्र छात्रा मध्ये कसको कक्षा छाड्ने र दोहोर्याउने दर वढी छ ?

-

१४)कस्तो परिवारले छोराछोरीलाई नियमित रुपमा विद्यालय पठाउने गर्दछन् ?

क) संयुक्त परिवार भएका

ख) शिक्षित परिवार

ग) आर्थिक रुपले सम्पन्न परिवार

घ) अगाडिका दाईदिदि पढ्न गएको परिवार

१५) कक्षामा लिम्बू विद्यार्थीको उर्तिण र अनुतीर्ण प्रतिशत केटा वा केटी कसको वढी छ ?

-

१६) समग्र कक्षामा अन्य जातिको तुलनामा यस जातिको उतिर्ण अनुर्तिर्ण प्रतिशत कस्तो रहेको छ ?

-

१७ ) तपाईको विचारमा यस जाति अन्य जातिको तुलनामा कक्षाँ छोड्ने, दोहोर्याउने तथा उतिर्ण दर पनि कमि हुनका कारणहरु के के हुनसक्छ ?

-

१८) तपाईको विचारमा यस जातिका वालवालिकाको अनुतिर्ण दर अन्य जातिको दाजोमा वढ्नुको कारण के हुन सक्छ ?

-

१९) यस्ता लिम्बू वालवालिकाको विद्यालयको सहभागीतामा वाधा पर्ने तत्वहरु केके हुन सक्छन् ?

-

२०) अन्त्यमा यस्ता लिम्बू वालवालिकाको विद्यालयमा सहभागीता वढाउन के गर्न सकिन्छ ?

-

# अनुसूचि ७

## प्र. अ. को लागी अर्न्तवार्ता

विद्यालयको नाम :

प्र. अ. को नाम :

योग्यता :

तालिम :

विशिष्टिकरण :

मिति :

१) यस स्कूलको स्थापना कहिले भएको हो ?

-

२) तपाई यस विद्यालयमा प्र. अ. भएको कति भयो ?

-

३) यस विद्यालयमा जम्मा कति विद्यार्थी रहेमा छन् ? र कुन कुन जातका रहेका छन् ?

-

४) यस विद्यालयमा लिम्बू जातिको भर्नाको अवस्था कस्तो रहेको छ ?

-

५) विद्यालयमा भर्ना उमेर भएकै विद्यार्थी भर्ना हुन आएका छन् कि त्यो भन्दा वढी उमेरका पनि आएका छन् ?

-

६) लिम्बू वाललिकाको भर्ना उमेर भएकै विद्यार्थी भर्ना हुन आएका छन् कि त्यो भन्दा वढी उमेरका पनि आएका छन् ?

-

७) यस गाउँमा रहेका विद्यालय उमेर भएका सबै लिम्बू वालवालिका विद्यालयमा भर्ना भए जस्तो लाग्छ कि लाग्दैन ?लाग्दैन भने किन ?

-

८) यस गा. वि.समा रहेका लिम्बूहरु अधिकांश गरिव र अनपढ रहेका छन् त्यस्तो अवस्थामा उनिहरुको वालवालिकालाई विद्यालयमा समयमै पढाउनको लागी कुनै कार्यक्रम संचालन गर्नु भएको छ ? छ भने कस्ता कस्ता कार्यक्रम रहेका छन् ?

-

९) यस विद्यालयमा अध्ययनरत लिम्बू वालवालिकाको शैक्षिक उपलब्धि कस्तो रहेको पाउनु हुन्छ ?

(क) ठिकै (ख) सन्तोषजनक (ग) राम्रो

१०) मातृभाषावाट दिइने पढाई संचालित छ ?

-

११) यस विद्यालयमा लिम्बू जातिका वालवालिकाको शैक्षिक सहभागीता अझ वढाउन के गर्न सकिएला ?

# अनुसूचि ८

## विद्यार्थीका लागी अर्न्तवार्ता

विद्यालयको नाम : मिति :

विद्यार्थीको नाम : कक्षा :

सेक्सन : रोल्नं. :

लिङ्ग :

उमेर :

१) तिम्रो नाम के हो ?

-

२) तिमि कति कक्षामा पढछौ ?

-

३) तिम्रो कक्षामा कति विद्यार्थी रहेका छन् ?

-

४) लिम्बू  मात्र विद्यार्थी कति छौ ?

-

५) तिमी कक्षा १ मा भर्ना हुदा कति वर्षको थियौ ?

-

६) तिम्रो विद्यालयको नाम के हो ?

-

७) तिमी विद्यालयमा नियमित रुपमा जाने गर्दछौ कि कहिलेकाही मात्र जाने गर्दछौ ।कहिलेकाही मात्र जाने गर्दछौ भने किन ?

-

८) तिमीलाई विद्यालय गएर पढ्ने कत्तिको मन लाग्छ ? लाग्छ भने किन ?

-

९) कुन विषय वढी पढ्न मन लाग्छ ?

-

१०) स्कूलमा सर मिसले कत्तिको माया गर्नुहुन्छ ?

-

११) सर मिसले पढाएको तिमि वुझ्छौ ? नबुझेमा सरमिस सँग प्रश्न गर्छौ या चुप लागेर वस्छौ ।

-

१२) साथीहरुले तिमिलाई पढ्ने कुरामासहयोग गर्दछन् ?भने कसरी ?

-

१३) तिमिले दिनहु शिक्षक शिक्षिकाले दिएको गृहकार्य गरेर ल्याउछौ कि ल्याउदैनौ ?

-

१४)ल्याउछौ भने कसरी ?

(क) आफै पढेर (ख) दिदि दाजुहरुसँग सोधेर (ग) साथीको चोरेर

१५) ल्याउदैनौ भने किन ?

-

१६) गृहकार्य नल्याउदा सरले के गर्नु हुन्छ ?

-

१७) विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा समावेश हुन्छौ कि हुदैनौ ? हुदैनै भने किन ?

-

१८) तिम्रो घरमा कतिजना सदस्यहरु छन् ?

-

१९) विद्यालयमा पढ्न आउने तिमि मात्र हौ कि अरुपनि आउनुहुन्छ ?

-

## अनुसूचि ९
## अभिभावकहरुका लागि तयार पारिएको अर्न्तवार्ता

अभिभावकको नाम : मितिः
उमेर : पेशा :
ठेगाना :

१) तपाइको परिवार संख्या कति छ ?
-
२) तपाइले सबैजना छोराछोरीलाई विद्यालय पठाउनु भएको छ कि छैन ?
-
३) पठाउनु भएको छैन भने किन नपठाउनु भएको ?
-
४) तपाइका छोराछोरीलाई विद्यालय समय बाहेकका समयमा घरायसी कामकाजमा लगाउनु हुन्छ वा हुदैन ?
-
५) तपाइका बालबालिकाले घरमा गृहकार्य गर्दछन् कि गर्दैनन् ?
-
६) दैनिक रुपमा बालबालिकाहरु विद्यालय उपस्थित नहुनाका कारण के होला ?
-
७) तपाई आफ्नो बालबालिकाको पढाइप्रति कत्तिको चिन्तित हुनुहुन्छ ?
-
८) तपाईको छोराछोरी कत्तिको पढ्छन् ?
-
९) तपाईको विचारमा तपाईको छोराछोरीले कक्षा छाड्ने, दोहोऱ्याउने कारण के होलान् ? जस्तो लाग्छ ?
-

## अनुसूचि १०

## शिक्षाप्रेमि तथा समाजसेवीहरुका लागि अन्तर्वार्ता सूची

नाम : मिति :

उमेर : पद :

ठेगाना :

१. तपाईको नाम के हो ?

२. तपाई कुन पदमा हुनुहुन्छ ?

३. तपाईको विचारमा लिम्बू अभिभावकहरुको शिक्षाप्रतिको धारणा कस्तो छ ?

४. के सबै अभिभावकहरुले छोराछोरीलाई समान रुपमा शिक्षा दिएका छन् ? यदि छैन भने किन ?

५. लिम्बू अभिभावकहरुले विद्यालय सञ्चालनमा के कस्तो सहयोग पुऱ्याएका छन् ?

६. तपाईहरुले विद्यालयमा लिम्बू विद्यार्थीको लागि केही नयाँ कार्यक्रम ल्याउनुभएको छ ?

७. ल्याएको भए के-कस्ता कार्यक्रम ल्याएका छन् ?

८. लिम्बू अभिभावकहरुले बालबालिकाहरुलाई विद्यालयमा नपठाउनुका कारण के होला ?

९. लिम्बू बालबालिकाहरुलाई विद्यालय पठाउन के गर्नुपर्ला ?

१०. लिम्बू बालबालिकाहरुको विद्यालयमा न्यून सहभागिता हुनाका कारणहरु के हुन् ?

११. उनीहरुको सहभागितामा बृद्धि गर्न के गर्नुपर्ला ?

१२. अन्त्यमा तपाईको विचारमा लिम्बूहरुलाई के भन्नुहुन्छ ?